सदाचार निष्पक्षता निर्भीकता

अख्तियार इ-बुलेटिन

(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को कार्यान्वयनको लागि प्रकाशित)

बर्ष १९ अंक ३ माघ, २०८०

अख्तियार दुरुपयोग अनुसन्धान आयोग टगांल, काठमाडौं ।



सम्पादकीय

अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नको लागि स्थापित संवैधानिक आयोग हो । सार्वजनिक पद धारण गरेका व्यक्तिले अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको सम्बन्धमा छानबिन, अनुसन्धान, तहकिकात एवं अभियोजन गर्ने जिम्मेवारी आयोगलाई संवैधानिक रुपमा प्रत्याभूत भएको छ।

सूचनाको हकको कार्यान्वयन गरी पारदर्शिता कायम गर्न आयोग दृढ संकल्पित रहेको छ। आफ्ना काम कारबाही, उपलब्धि र भए/गरेका गतिविधि समेटी विगतदेखि नै अख्तियार बुलेटिन प्रकाशित हुँदै आएकोमा पछिल्लो समयमा त्रैमासिक रुपमा ई-बुलेटिन प्रकाशित हुने गरेको छ।

नेपालको संविधानको धारा २७ मा नागरिकको सूचनाको हकसम्बन्धी व्यवस्था छ। यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना

क्रमश...

प्रकाशन तथा सम्पादन

सूचना समन्वय शाखा

महाशाखा नं. १०

टंगाल, काठमाण्डौं

यस अंकमा

- उजुरी दर्ता र कारबाहीको विवरण
- २०८० कार्तिकदेखि पुससम्म दायर भएका मुद्दाहरुको विवरण
- २०८० कार्तिकदेखि पुससम्म घुस/रिसवतसम्बन्धी कारबाहीको विवरण
- आयोगमा रहेको कूल उजुरी तथा फछ्यौंट संख्या
- विशेष अदालतमा दायर भएका आरोप पत्रहरुको संख्या
- विशेष अदालतबाट भएको फैसला र आयोगबाट भएका पुनरावेदन
- आयोगबाट भएको भ्रष्टाचार नियन्त्रणसम्बन्धी निरोधात्मक प्रवर्द्धनात्मक तथा संस्थागत क्षमता विकाससम्बन्धी कार्यहरुको विवरण
- आम्दानी खर्च तथा आर्थिक कारोबा
- रसम्बन्धी अद्यावधिक विवरण

कार्यालयगत उजुरी र फछ्यौंटको अवस्था स्तम्भचित्रमा



https://www.ciaa.gov.np इमेल: akhtiyar@ntc.net.np फोन नं. ०१-५२६२१५१,०१-४२६२११९ फ्याक्स नं. ९७७-१-५२६२१२८

आयोगका पदाधिकारीहरु



माननीय प्रमुख आयुक्त

प्रेम कुमार राई



माननीय आयुक्त

किशोर कुमार सिलवाल



माननीय आयुक्त

जय बहादुर चन्द



माननीय आयुक्त

डा. हरि पौडेल



माननीय आयुक्त

डा. सुमित्रा श्रेष्ठ अमात्य



रामेश्वर दंगाल

सचिव

सम्पादकीय

अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न स्थापित संवैधानिक आयोग हो। सार्वजनिक पद धारण गरेका व्यक्तिले अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको सम्बन्धमा छानबिन, अनुसन्धान, तहकिकात एवं अभियोजन गर्ने जिम्मेवारी आयोगलाई संवैधानिक रुपमा प्रत्याभूत भएको छ।

सूचनाको हकको कार्यान्वयन गरी पारदर्शिता कायम गर्न आयोग दृढ संकल्पित रहेको छ। आफ्ना काम कारबाही, उपलब्धि र भए गरेका गतिविधि समेटी विगतदेखि नै आयोगबाट अख्तियार बुलेटिन प्रकाशित हुँदै आएकोमा पछिल्लो समयमा त्रैमासिक रुपमा ई-बुलेटिन प्रकाशित हुने गरेको छ।

नेपालको संविधान २०७२ को धारा २७ मा नागरिकको सूचनाको हक सम्बन्धी व्यवस्था छ। यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरूको विवरण ३/३ महिनामा प्रकाशन गर्नुपर्ने कानुनी व्यवस्था छ। उक्त व्यवस्थाअनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रत्येक त्रैमासिक अवधिमा सम्पादित मुख्य मुख्य क्रियाकलापहरू समावेश गरी स्वतः प्रकाशनको रुपमा ई-बुलेटिन सार्वजनिक गरिँदै आइएको छ।

आर्थिक वर्ष २०८०/८१ को दोस्रो त्रैमासिक (कार्तिक-पुस) अवधिमा भ्रष्टाचारसम्बन्धी ४,८५९ वटा उजुरी परेका छन् । त्यसैगरी, पहिलो त्रैमासिक अवधिमा ८,००० र गत आ.व.बाट जिम्मेवारी सरी आएका ९,२६८ गरी यस अवधिसम्ममा जम्मा २२,१२७ उजुरी रहेका छन्। यस त्रैमासिक अवधिमा ५,१५६ उजुरी फछ्यौंट भएकासमेत गरी हालसम्म १०,०५५ उजुरी फछ्यौंट भएका छन्। फछ्यौंट हुन बाँकी १२,०७२ उजुरी छानबिनको क्रममा रहेका छन्। आयोगमा परेका उजुरीमध्ये आयोगले गरेको कारबाहीबाट यस त्रैमासिक अवधिमा १३७ वटा उजुरी विस्तृत अनुसन्धानमा गएको, १,३४५ वटा उजुरी कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको, ९४५ वटा उजुरी सोसँग सम्बन्धित अन्य उजुरीमा गाभिएको र २,७२९ वटा उजुरी तामेलीमा पठाइएको छ। आयोगबाट यस अवधिमा २८ वटा आरोपपत्रहरू सम्मानित विशेष अदालतमा दायर गरिएको र सोवापत ९३ जनालाई प्रतिवादी बनाई विगो रु ३१६,७८३,९८८.५१ मागदावी लिइएको छ। आयोगबाट यस अवधिमा कूल ५ वटा घुस/रिसवत सम्बन्धी कारबाही भएको र यसबाट रू. ६,२२,०००।- रकम जफत हुनुका साथै घुस/रिसवतसँग जोडिएका ५ जना व्यक्तिहरूलाई नियन्त्रणमा लिई कारबाहीको प्रक्रिया अघि बढाइएको छ।

भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रर्वद्धन गर्ने अभियानमा आयोगको एक्लो प्रयास मात्र पूर्ण बन्न सक्दैन। तसर्थ, आयोगको यस अभियानमा नेपाल सरकारका सबै निकाय, सार्वजनिक सेवा प्रदायक संस्था, सरोकारवाला निकाय एवं प्रबुद्ध नागरिक समाज र सञ्चार जगतले आ-आफ्नो ठाउँबाट भ्रष्टाचार नियन्त्रणमा आवश्यक सहयोग गर्दै आउने दिनमा थप सशक्त र प्रभावकारी भूमिका निभाउन जरुरी छ।

अन्त्यमा, आयोगले गर्दै आएका कार्यक्रमहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्दै आउनुहुने सबैप्रति हार्दिक आभारसहित धन्यवाद ज्ञापन गर्दछौं। आफ्नो नजिक भएका भ्रष्टाचारजन्य घटना वा आफूले थाहा पाएका भ्रष्टाचारका सूचनाहरू सदा झैं आफूलाई पायक पर्ने आयोग र अन्तर्गतका कार्यालयहरूमा दिनुहुन समेत अनुरोध गर्दछौं।

सम्पादक समूह

सचिव श्री रामेश्वर दंगाल	: अध्यक्ष
सहसचिव श्री नरहरि घिमिरे	: सदस्य
उपसचिव श्री देवी प्रसाद थपलिया	: सदस्य
शा.अ. प्रेम चन्द्र अर्याल	: सदस्य
तथ्यांक अधिकृत श्री प्रेम कुमार घिमिरे	: सदस्य

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को

नियम ३ बमोजिम सार्वजनिक गरिएको त्रैमासिक विवरण

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल

आ.व. २०७९/८० को दोस्रो त्रैमासिक (कार्तिक-पुस) को प्रगति विवरण

१. आयोगको स्वरुप र प्रकृति

नेपालमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्नको लागि नेपालको संविधान २०७२ को भाग २१, धारा २३८ मा संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था छ। आयोगमा प्रमुख आयुक्त र चारजना आयुक्तहरू रहने संवैधानिक व्यवस्था रहेको छ। संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट प्रमुख आयुक्त र आयुक्तको नियुक्ति हुने प्रावधान छ। आयोगका प्रमुख आयुक्त र आयुक्तको पदावधि नियुक्तिको मितिले छ वर्षको हुनेछ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीहरू

माननीय प्रमुख आयुक्त	श्री प्रेम कुमार राई
माननीय आयुक्त	श्री किशोर कुमार सिलवाल
माननीय आयुक्त	श्री जय बहादुर चन्द
माननीय आयुक्त	डा. हरि पौडेल
माननीय आयुक्त	डा. सुमित्रा श्रेष्ठ अमात्य

संविधानको धारा २३९ अनुसार सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानुनबमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्ने व्यवस्था रहको छ।

आयोगको केन्द्रीय कार्यालय, टङ्गाल, काठमाडौँमा रहेको छ। आयोग मातहत देहायका ७ वटा कार्यालयहरू र एउटा सम्पर्क कार्यालय रहेको छ।

सि.नं.	कार्यालयको नाम	कार्यालयको फोन नं.	फ्याक्स नं.
१.	अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं	हट लाइन नं. १०७ ०१५२६२१५१	०१-५२६२१२८ ०१५२६२१०४
२.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, ईटहरी	०२५-५८६९७०	०२५-५८५६००
३.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवास	०४४-५५०६८६	०४४-५५०५३१
४.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा	०५७-५२१७४४	०५७-५२०३६९
५.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा	०६१-५४०४५१	०६१-५४०४५२
६.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल	०७१-५४०८३७ ०७१-५४००३१	०७१-५४०८२३
७.	अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज	०८१-५५०६२६, ०८१-५५०६२७	०८१-५५०४२६
८.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत	०८३-५२१९६० ०८३-५२३१७८	०८३-५२३८८४
९.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर	०९९-५२४२६३ ०९९-५२१११७	०९९-५२२७९५

२.आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको भाग २१ को धारा २३९ (१) बमोजिम कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानुनबमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ।

तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानुनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारीको हकमा यो उपधारा लागु हुने छैन।

(२) धारा १०१ बमोजिम महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्याय परिषदबाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐनबमोजिम कारबाही हुने व्यक्तिका हकमा निज पदमुक्त भइसकेपछि संघीय कानुनबमोजिम अनुसन्धान गर्न वा गराउन सकिनेछ।

(३) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानुनबमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ।

(४) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकारक्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यक कारबाहीका लागि सम्बन्धित अधिकारी वा निकायसमक्ष लेखी पठाउन सक्नेछ।

(५) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख आयुक्त, कुनै आयुक्त वा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको सर्तको अधिनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(६) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानुनबमोजिम हुनेछ।

संविधानको धारा २९३ मा संवैधानिक निकायको काम कारवाहीको अनुगमन संसदीय समितिबाट हुने व्यवस्था रहेको छ भने धारा २९४ मा आयोगको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष बुझाउनेसम्बन्धी व्यवस्था रहेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई भ्रष्टाचारका उजुरी सम्बन्धमा अनुसन्धान गरी अभियोजन गर्ने कार्यको अतिरिक्त सुशासन कायम गर्न र सार्वजनिक सेवामा प्रभावकारीता ल्याउन आवश्यक पर्ने सुधारात्मक कार्यहरू गर्ने थप दायित्वसमेत सुम्पेको छ। जसअन्तर्गत आयोगबाट निम्न कार्यहरू सम्पादन हुने गरेको छः

- विद्यमान ऐन, नियम वा प्रचलनमा कुनै त्रुटि भए सुधार गर्न सुझाव दिने।
- अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई वा नलिई तारिखमा राख्ने वा छाड्ने।
- भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले निरोधात्मक एवं प्रवर्द्धनात्मक कार्यहरू गर्ने।
- भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय, आपसी सहयोग र सम्बन्ध सुदृढ गर्ने।
- आवश्यकतानुसार सम्बन्धित विषयको विशेषज्ञ वा विशिष्टिकृत सेवा प्राप्त गर्ने।

३. आयोगमा रहेको कर्मचारी संख्या र कार्य विवरण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवमा नेपाल सरकारका राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ। नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।०१।०८ को निर्णयबाट स्वीकृत भई कायम भएको दरबन्दी तेरिज बमोजिम आयोगको केन्द्रीय कार्यालय, टङ्गालमा १२ वटा महाशाखाहरू सहित ५१२ जनाको दरबन्दी रहेको छ। त्यसैगरी आयोग मातहत ७ वटा कार्यालयहरू र आयोगको कार्यालय बुटबलको

सम्पर्क कार्यालय, नेपालगन्जमा गरी जम्मा ४७८ जनाको दरबन्दी रही आयोगअन्तर्गत कुल ९९० जना कर्मचारीहरूको देहायअनुसारको दरबन्दी रहेको छ :-

श्रेणी/कार्यालय	टङ्गाल	इटहरी	बर्दिवास	हेटौंडा	पोखरा	बुटवल	नेपालगंज	सुर्खेत	कंचनपुर	जम्मा
रा.प. विशिष्ट	१	०	०	०	०	०	०	०	०	१
रा.प.प्रथम	१३	१	१	१	१	१	०	१	१	२०
रा.प.द्वितीय	६४	४	४	४	४	४	१	४	४	९३
रा.प.तृतीय	१०७	१७	१८	१७	१५	१५	८	१७	१५	२२९
अधिकृत स्तर	**१८५**	**२२**	**२३**	**२२**	**२०**	**२०**	**९**	**२२**	**२०**	**३४३**
रा.प.अनं. प्रथम	११८	१७	१७	१७	१७	१४	१३	१६	१७	२४६
रा.प.अनं. द्वितीय	२४	४	४	४	४	२	३	२	४	५१
रा.प.अनं. तृतीय	२६	४	४	४	४	३	२	४	४	५५
रा.प.अनं. चतुर्थ	६४	७	७	७	७	६	४	७	७	११६
श्रेणी विहिन	९५	११	११	११	११	१०	९	१०	११	१७९
सहायकस्तर	**३२७**	**४३**	**४३**	**४३**	**४३**	**३५**	**३१**	**३९**	**४३**	**६४७**
जम्मा	**५१२**	**६५**	**६६**	**६५**	**६३**	**५५**	**४०**	**६१**	**६३**	**९९०**

उपरोक्त अनुसारको स्वीकृत दरबन्दीमा आयोगमा स्थायी कर्मचारीका अतिरिक्त केही करार सेवा अन्तर्गतको जनशक्तिबाट समेत सेवा प्रवाह हुँदै आएको छ।

४.आयोगबाट प्रदान गरिने सेवा

नेपालको संविधानमा सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिहरू उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान तहकिकात गरी कानुनबमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने वा गराउन सक्ने व्यवस्था रहेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले भ्रष्टाचारको सम्बन्धमा कसैको उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारीको आधारमा आयोगले अनुसन्धान र तहकिकात गर्न वा अन्य कारबाही चलाउन सक्ने व्यवस्था रहेअनुसार भ्रष्टाचारसम्बन्धी प्राप्त हुने उजुरी आयोगका सबै कार्यालयहरूमा दर्ता हुने व्यवस्था गरिएको छ।

आयोगमा विचाराधीन अवस्थामा रहेको कुनै विषयसँग सम्बन्धित कागजात र कुनै कागजातको नक्कल नदिने गरी आयोगबाट निर्णय वा आदेश भएकोमा त्यस्तो कागजातको नक्कल उपलब्ध हुँदैन। त्यसैगरी आयोगबाट हुने अनुसन्धान, तहकिकात वा अभियोजनसम्बन्धी कारबाहीलाई प्रतिकूल असर पार्ने देखिएका विषयमा समेत कुनै सूचना उपलब्ध हुदैन।

तर आयोगबाट हाल मुद्दा नचल्ने गरी तामेलीमा राख्ने निर्णय भएको विषयसँग सम्बन्धित मिसिल संलग्न कागजातहरूमध्ये आयोगमा दिएको बयान वा आयोगको निर्णयको नक्कल माग गर्ने सम्बन्धित सरोकारवालालाई त्यस्तो नक्कल उपलब्ध गराउने व्यवस्था गरिएको छ।

आयोगमा दर्ता गराएको कुनै उजुरी उपर सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सरोकारवाला नेपाली नागरिकलाई अनुसन्धान, तहकिकात वा अभियोजनसम्बन्धी कारबाहीलाई प्रतिकूल असर नपर्ने गरी सूचना उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ।

५.सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

भ्रष्टाचारसम्बन्धी उजुरी दर्ता गर्नका लागि आयोगको मूल दर्ता शाखा जिम्मेवार रहन्छ। उजुरी दर्ता गर्दा आयोगको वेबसाइटमा रहेको अनलाइन उजुरी दर्ता प्रणाली उपयोग गर्न सकिन्छ। हटलाइन नम्बर १०७ मा आउने उजुरीका लागि प्रहरी महाशाखा र टोल फ्रि, तथा इमेल मार्फत आउने उजुरीका लागि नीति तथा योजना महाशाखा जिम्मेवार रहन्छन्।

आयोगबाट मुद्दा नचल्ने भई तामेलीमा राख्ने निर्णय भएको विषयसँग सम्बन्धित मिसिल संलग्न कागजातहरूमध्ये आयोगमा दिएको बयान वा आयोगको निर्णयको नक्कल माग गर्ने सरोकारवालालाई सो नक्कल सम्बन्धित अधिकृतले कानुनबमोजिम उपलब्ध गराउने छ। यसैगरी सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सरोकारवाला नेपाली नागरिकलाई सूचना उपलब्ध गराउने जिम्मेवारी आयोगका सूचना अधिकारीको हुन्छ।

६.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

आयोगबाट प्रदान हुने सेवाका लागि सामान्यतः कुनै शुल्क दस्तुर लाग्दैन। आयोगमा उपलब्ध हुने कागजातको नक्कल लिन चाहने सरोकारवाला नेपाली नागरिकले प्रतिपाना रु ५/- का दरले नक्कल दस्तुरसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को अनुसूची-१५ बमोजिमको ढाँचामा आयोगमा निवेदन दिनु पर्ने छ। तर कुनै सरकारी कार्यालयलाई नक्कल प्रदान गर्दा दस्तुर लिइने छैन। सूचनाको हक सम्बन्धी ऐन, नियम बमोजिम सूचना मागकर्तालाई माग भएको सूचनाको प्रकृति हेरी बढीमा १५ दिनभित्र सूचना उपलब्ध हुनेछ। दश पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सो भन्दा बढी भएमा प्रति पेज रु. ५/- दस्तुर लाग्नेछ।

७.निर्णय गर्ने प्रक्रिया र अधिकारी

क. उजुरीसम्बन्धी निर्णय प्रक्रिया

- आयोगमा प्राप्त सबै उजुरीहरू दर्ता पश्चात स्क्रिनिङ्ग समितिमा छलफल भई छानबिन तथा अनुसन्धान गर्नुपर्ने प्रकृतिका उजुरीहरू सम्बन्धित महाशाखा, आयोगका कार्यालयहरू वा उजुरीसँग सम्बन्धित नेपाल सरकारका अन्य कार्यालय वा पदाधिकारीलाई लेखी पठाइन्छ। आयोगको कार्यालय वा सम्बन्धित निकायमा लेखी पठाइएका उजुरीहरू आयोगबाट लगतकट्टा गरिनेछ।
- अनुसन्धान अधिकृतको अनुसन्धान प्रतिवेदनका आधारमा आयोगबाट सम्मानित विशेष अदालतमा मुद्दा दायर गर्ने वा नगर्ने सम्बन्धमा निर्णय हुने गर्दछ।

ख. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- **सूचना उपलब्ध गराउने अधिकारीः** सूचनासँग सम्बन्धित विषयको प्रकृतिअनुसार आयोगका सूचना अधिकारीले सूचना उपलब्ध गराउने छन्।
- **पुनरावेदनको प्रक्रिया र पदाधिकारीः** सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ र ७ अनुसार सूचना अधिकारीबाट उपलब्ध सूचनामाथि चित्त नबुझेमा वा सूचना नै नपाएमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ९ बमोजिम आयोगका प्रमुखसमक्ष उजुरी दिन सकिनेछ। माग भएको सूचनासँग सम्बन्धित उजुरीको प्रकृतिअनुसार आयोगका सचिव र आयोगले निर्णय गर्न सक्नेछ।

८. क. नक्कल र सूचना लिनेसम्बन्धी प्रक्रिया

- सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सम्बन्धित सरोकारवाला नेपाली नागरिकले आयोगद्वारा निर्दिष्ट ढाँचामा निवेदन लेखी आयोगको मूलदर्तामा दर्ता गराउनु पर्नेछ।
- अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३७ बमोजिम नक्कल माग गर्ने सरोकारवाला नेपाली नागरिकले सोही नियमावलीको अनुसूची १५ बमोजिमको ढाँचामा निवेदन लेखी आयोगको मूल दर्तामा दर्ता गराउनु पर्नेछ। साथै, यस्तो निवेदन आयोगको इमेल suchana@ciaa.gov.np मार्फत समेत पठाउन सकिने छ।
- निवेदनमा कुन कुन कागजको नक्कल चाहिएको हो ? त्यसको विवरण खुलाउनु पर्नेछ।
- तामेलीमा रहेको मिसिलको नक्कल कागजात माग गर्दा तामेली नम्बर खुलाउनु पर्नेछ।
- तामेलीमा भएका निर्णयको नक्कल दिने निर्णय भएमा तामेली शाखा प्रमुखले नियमानुसार लाग्ने दस्तुर लिई प्रमाणित नक्कल सरोकारवालालाई उपलब्ध गराउनु पर्नेछ।
- सूचना माग गर्ने व्यक्ति सूचनासँग सरोकार राख्ने व्यक्ति भएको हुनु पर्नेछ। साथै, आफ्नो परिचय खुल्ने कागजातसमेत समावेश गर्नुपर्दछ। यसरी सूचना माग गर्दा उजुरी दर्ता नम्बर स्पष्ट रुपमा खुली आएको हुनु पर्नेछ।

९. सम्पादन गरेको कामको विवरणः

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को कार्यान्वयन गर्ने प्रयोजनार्थ आ.व. २०८०/८१ को यस त्रैमासिक अवधिमा आयोगले सम्पादन गरेका प्रमुख कार्यहरूलाई देहायबमोजिम प्रस्तुत गरिएको छ।

१०. प्रवक्ता एवं सूचना अधिकारीको नाम, पद र सम्पर्क नं.

प्रवक्ताः -	सहसचिव- नरहरि घिमिरे	सम्पर्क : ९८५१२३२८१
सूचना अधिकारीः-	उपसचिव- श्री देवी प्रसाद थपलिया	सम्पर्क : ९८५११८७३०८

आयोग मातहतका ७ वटा कार्यालय र आयोगको कार्यालय बुटवलको सम्पर्क कार्यालय, नेपालगन्जका सूचना अधिकारीहरूको नाम र सम्पर्क टेलिफोन नम्बर देहायअनुसार रहेका छन् :-

कार्यालयको नाम	सूचना अधिकारीको नाम	सम्पर्क टेलीफोन नं.
अ.दु.अ.आ.कार्यालय, इटहरी	उप-सचिव श्री निरज कुमार देव	९८५२०७०३३३
अ.दु.अ.आ.कार्यालय, बर्दिवास	प्रहरी निरीक्षक श्री कृष्ण खत्री	९८५४०७९१११
अ.दु.अ.आ.कार्यालय, हेटौडा	उप-सचिव श्री गोविन्द प्रसाद गौतम	९८४५८२८४०५
अ.दु.अ.आ.कार्यालय, पोखरा	शा.अ. श्री बिन्दुकला भण्डारी	९८५६०७७१८९
अ.दु.अ.आ.कार्यालय, बुटवल	उप-सचिव श्री भेषराज रिजाल	९८५७०७५०३१
अ.दु.अ.आ.कार्यालय, सुर्खेत	उप-सचिव श्री रत्नचन्द्र गौतम	९८५८०७३६६६
अ.दु.अ.आ.कार्यालय, बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज	शाखा अधिकृत श्री झलक के.सी.	९८५८०४५७८८
अ.दु.अ.आ.कार्यालय, कन्चनपुर	लेखा अधिकृत श्री बसन्त बहादुर शाही	९८५८७५२३७७

११. संविधान, ऐन, नियम, कार्यविधि वा निर्देशिकाको सूची

- नेपालको संविधान,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- भ्रष्टाचार निवारण ऐन, २०५९
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- विशेष अदालत ऐन, २०५९
- प्रमाण ऐन, २०३१
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली,२०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८
- अभियोजन मार्ग दर्शन, २०७८
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग पदाधिकारी एवं कर्मचारीहरूको आचारसंहिता, २०७६

१२. आम्दानी,खर्च तथा आर्थिक कारोवारसम्बन्धी अद्यावधिक विवरण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०८०/८१ को वजेट विनियोजन र दोस्रो त्रैमासिकसम्मको खर्चको विवरण देहाय अनुसार छः-

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

कार्यालय कोड नं : २०६००३५०१

खर्चको फाँटबारी

बजेट उपशीर्षक नम्बर: २०६०००११३

आयोजना/कार्यक्रम नाम: अख्तियार दुरुपयोग अनुसन्धान आयोग (प्रशासनिक खर्च समेत)

आर्थिक वर्ष: २०८०/८१

महिना: पुस

खर्च/वित्तीय संकेत नम्बर / नाम	प्राथमिक तह		द्वितीय तह		अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेस्की	पेस्की बाहेक खर्च रकम	बाँकी बजेट
	स्रोत व्यहोर्ने निकाय	भुक्तानी विधि	स्रोत व्यहोर्ने निकाय	भुक्तानी विधि								
21111 पारिश्रमिक कर्मचारी					**२९०,९५६,०००.००**	**१२३,२८२,१६३.९०**	**१०४,७५८,९१२.९०**	**१८,५२३,२५१.००**	**१२३,२८२,१६३.९०**	**०.००**	**१२३,२८२,१६३.९**	**१६७,६७३,८३६.१०**
	1100001-नेपाल सरकार	01-नगद			२९०,९५६,०००.००	१२३,२८२,१६३.९०	१०४,७५८,९१२.९०	१८,५२३,२५१.००	१२३,२८२,१६३.९०	०.००	१२३,२८२,१६३.९०	१६७,६७३,८३६.१०
21121 पोशाक					**३,०००,०००.००**	**२००,०००.००**	**२००,०००.००**	**०.००**	**२००,०००.००**	**०.००**	**२००,०००.००**	**२,८००,०००.००**
	1100001-नेपाल सरकार	01-नगद			३,०००,०००.००	२००,०००.००	२००,०००.००	०.००	२००,०००.००	०.००	२००,०००.००	२,८००,०००.००
21122 खाद्यान्न					**१७,५३०,०००.००**	**४,७०४,१६५.२५**	**३,९१७,०७२.५०**	**७८७,०९२.७५**	**४,७०४,१६५.२५**	**०.००**	**४,७०४,१६५.२५**	**१२,८२५,८३४.७५**
	1100001-नेपाल सरकार	01-नगद			१७,५३०,०००.००	४,७०४,१६५.२५	३,९१७,०७२.५०	७८७,०९२.७५	४,७०४,१६५.२५	०.००	४,७०४,१६५.२५	१२,८२५,८३४.७५
21132 महंगी भत्ता					**११,२०८,०००.००**	**४,०६२,५३४.९०**	**३,३६१,३६२.४९**	**७०१,१७२.४१**	**४,०६२,५३४.९०**	**०.००**	**४,०६२,५३४.९०**	**७,१४५,४६५.१०**
	1100001-नेपाल सरकार	01-नगद			११,२०८,०००.००	४,०६२,५३४.९०	३,३६१,३६२.४९	७०१,१७२.४१	४,०६२,५३४.९०	०.००	४,०६२,५३४.९०	७,१४५,४६५.१०
21134 कर्मचारीको बैठक भत्ता					**१,१००,०००.००**	**२३४,०००.००**	**२३४,०००.००**	**०.००**	**२३४,०००.००**	**०.००**	**२३४,०००.००**	**८६६,०००.००**
	1100001-नेपाल सरकार	01-नगद			१,१००,०००.००	२३४,०००.००	२३४,०००.००	०.००	२३४,०००.००	०.००	२३४,०००.००	८६६,०००.००
21135 कर्मचारी प्रोत्साहन तथा पुरस्कार					**२०१,०९२,०००.००**	**७०,१९०,९८१.५०**	**५६,०९१,२२४.७०**	**१४,०९९,७५६.८०**	**७०,१९०,९८१.५०**	**०.००**	**७०,१९०,९८१.५०**	**१३०,९०१,०१८.५०**
	1100001-नेपाल सरकार	01-नगद			२०१,०९२,०००.००	७०,१९०,९८१.५०	५६,०९१,२२४.७०	१४,०९९,७५६.८०	७०,१९०,९८१.५०	०.००	७०,१९०,९८१.५०	१३०,९०१,०१८.५०
21139 अन्य भत्ता					**४९५,०००.००**	**१४५,२००.००**	**१४०,२००.००**	**५,०००.००**	**१४५,२००.००**	**०.००**	**१४५,२००.००**	**३४९,८००.००**
	1100001-नेपाल सरकार	01-नगद			४९५,०००.००	१४५,२००.००	१४०,२००.००	५,०००.००	१४५,२००.००	०.००	१४५,२००.००	३४९,८००.००
21212 योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च					**४४६,०००.००**	**३१८,६७४.४०**	**२६६,३७०.७४**	**५२,३०३.६६**	**३१८,६७४.४०**	**०.००**	**३१८,६७४.४०**	**१२७,३२५.६०**
	1100001-नेपाल सरकार	01-नगद			४४६,०००.००	३१८,६७४.४०	२६६,३७०.७४	५२,३०३.६६	३१८,६७४.४०	०.००	३१८,६७४.४०	१२७,३२५.६०
21213 योगदानमा आधारित बीमा कोष खर्च					**२,१५९,०००.००**	**८२३,७१९.६८**	**६८१,५६६.४०**	**१४२,१५३.२८**	**८२३,७१९.६८**	**०.००**	**८२३,७१९.६८**	**१,३३५,२८०.३२**
	1100001-नेपाल सरकार	01-नगद			२,१५९,०००.००	८२३,७१९.६८	६८१,५६६.४०	१४२,१५३.२८	८२३,७१९.६८	०.००	८२३,७१९.६८	१,३३५,२८०.३२
22111 पानी तथा बिजुली					**७,२६४,०००.००**	**१,८७६,१८६.०७**	**१,६७४,४८२.११**	**२०१,७०३.९६**	**१,८७६,१८६.०७**	**०.००**	**१,८७६,१८६.०७**	**५,३८७,८१३.९३**
	1100001-नेपाल सरकार	01-नगद			७,२६४,०००.००	१,८७६,१८६.०७	१,६७४,४८२.११	२०१,७०३.९६	१,८७६,१८६.०७	०.००	१,८७६,१८६.०७	५,३८७,८१३.९३
22112 संचार महसुल					**७,८००,०००.००**	**१,९५६,८३९.८०**	**१,३९४,३८१.००**	**५६२,४५८.८०**	**१,९५६,८३९.८०**	**०.००**	**१,९५६,८३९.८०**	**५,८४३,१६०.२०**
	1100001-नेपाल सरकार	01-नगद			७,८००,०००.००	१,९५६,८३९.८०	१,३९४,३८१.००	५६२,४५८.८०	१,९५६,८३९.८०	०.००	१,९५६,८३९.८०	५,८४३,१६०.२०
22212 इन्धन (कार्यालय प्रयोजन)					**२५,१९३,०००.००**	**१२,२७२,०७७.२५**	**१०,६०१,५०३.२५**	**१,६७०,५७४.००**	**१२,२७२,०७७.२५**	**२,०००,०००.००**	**१०,२७२,०७७.२५**	**१२,९२०,९२२.७५**
	1100001-नेपाल सरकार	01-नगद			२५,१९३,०००.००	१२,२७२,०७७.२५	१०,६०१,५०३.२५	१,६७०,५७४.००	१२,२७२,०७७.२५	२,०००,०००.००	१०,२७२,०७७.२५	१२,९२०,९२२.७५

खर्च/वित्तीय संकेत नम्बर / नाम	प्राथमिक तह		द्वितीय तह		अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेस्की	पेस्की बाहेक खर्च रकम	बाँकी बजेट
	स्रोत व्यहोर्ने निकाय	भुक्तानी विधि	स्रोत व्यहोर्ने निकाय	भुक्तानी विधि								
22213 सवारी साधन मर्मत खर्च					**११,८२५,०००.००**	**४,६७०,९०७.०३**	**४,१६०,३९१.६०**	**५१०,५१५.४३**	**४,६७०,९०७.०३**	**०.००**	**४,६७०,९०७.०३**	**७,१५४,०९२.९७**
	1100001-नेपाल सरकार	01-नगद			११,८२५,०००.००	४,६७०,९०७.०३	४,१६०,३९१.६०	५१०,५१५.४३	४,६७०,९०७.०३	०.००	४,६७०,९०७.०३	७,१५४,०९२.९७
22214 वीमा तथा नवीकरण खर्च					**३,५९५,०००.००**	**१,९६८,७७४.५०**	**८८६,७७४.५०**	**१,०९६,८८५.००**	**१,९८३,६५९.५०**	**७६०,०००.००**	**१,२२३,६५९.५०**	**१,६११,३४०.५०**
	1100001-नेपाल सरकार	01-नगद			३,५९५,०००.००	१,९६८,७७४.५०	८८६,७७४.५०	१,०९६,८८५.००	१,९८३,६५९.५०	७६०,०००.००	१,२२३,६५९.५०	१,६११,३४०.५०
22221 मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च					**२,२००,०००.००**	**८२४,६४०.५४**	**७२०,८६८.१२**	**१०३,७७२.४२**	**८२४,६४०.५४**	**०.००**	**८२४,६४०.५४**	**१,३७५,३५९.४६**
	1100001-नेपाल सरकार	01-नगद			२,२००,०००.००	८२४,६४०.५४	७२०,८६८.१२	१०३,७७२.४२	८२४,६४०.५४	०.००	८२४,६४०.५४	१,३७५,३५९.४६
22231 निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च					**३,४९०,०००.००**	**१२८,३९०.००**	**१२८,३९०.००**	**०.००**	**१२८,३९०.००**	**०.००**	**१२८,३९०.००**	**३,३६१,६१०.००**
	1100001-नेपाल सरकार	01-नगद			३,४९०,०००.००	१२८,३९०.००	१२८,३९०.००	०.००	१२८,३९०.००	०.००	१२८,३९०.००	३,३६१,६१०.००
22311 मसलन्द तथा कार्यालय सामाग्री					**२२,०६०,०००.००**	**१४,०१९,६३६.११**	**११,४६९,९३२.३६**	**२,५४९,७०३.७५**	**१४,०१९,६३६.११**	**०.००**	**१४,०१९,६३६.११**	**८,०४०,३६३.८९**
	1100001-नेपाल सरकार	01-नगद			२२,०६०,०००.००	१४,०१९,६३६.११	११,४६९,९३२.३६	२,५४९,७०३.७५	१४,०१९,६३६.११	०.००	१४,०१९,६३६.११	८,०४०,३६३.८९
22314 इन्धन - अन्य प्रयोजन					**५००,०००.००**	**०.००**	**०.००**	**०.००**	**०.००**	**०.००**	**०.००**	**५००,०००.००**
	1100001-नेपाल सरकार	01-नगद			५००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	५००,०००.००
22315 पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च					**११,६००,०००.००**	**२,८७७,८८२.४०**	**२,५८८,२५२.८०**	**२८९,६२९.६०**	**२,८७७,८८२.४०**	**०.००**	**२,८७७,८८२.४०**	**८,७२२,११७.६०**
	1100001-नेपाल सरकार	01-नगद			११,६००,०००.००	२,८७७,८८२.४०	२,५८८,२५२.८०	२८९,६२९.६०	२,८७७,८८२.४०	०.००	२,८७७,८८२.४०	८,७२२,११७.६०
22411 सेवा र परामर्श खर्च					**५,२००,०००.००**	**१,५२२,१२०.००**	**१,२८८,१२०.००**	**२३४,०००.००**	**१,५२२,१२०.००**	**०.००**	**१,५२२,१२०.००**	**३,६७७,८८०.००**
	1100001-नेपाल सरकार	01-नगद			५,२००,०००.००	१,५२२,१२०.००	१,२८८,१२०.००	२३४,०००.००	१,५२२,१२०.००	०.००	१,५२२,१२०.००	३,६७७,८८०.००
22412 सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च					**२,७००,०००.००**	**०.००**	**०.००**	**०.००**	**०.००**	**०.००**	**०.००**	**२,७००,०००.००**
	1100001-नेपाल सरकार	01-नगद			२,७००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	२,७००,०००.००
22413 करार सेवा शुल्क					**४३,७२३,०००.००**	**१७,३१०,२६३.५८**	**१४,४१६,४१०.६५**	**२,८९३,८५२.९३**	**१७,३१०,२६३.५८**	**०.००**	**१७,३१०,२६३.५८**	**२६,४१२,७३६.४२**
	1100001-नेपाल सरकार	01-नगद			४३,७२३,०००.००	१७,३१०,२६३.५८	१४,४१६,४१०.६५	२,८९३,८५२.९३	१७,३१०,२६३.५८	०.००	१७,३१०,२६३.५८	२६,४१२,७३६.४२
22419 अन्य सेवा शुल्क					**८००,०००.००**	**०.००**	**०.००**	**०.००**	**०.००**	**०.००**	**०.००**	**८००,०००.००**
	1100001-नेपाल सरकार	01-नगद			८००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	८००,०००.००
22511 कर्मचारी तालिम खर्च					**१९,७००,०००.००**	**२,८३९,३०८.००**	**२,८१७,०४९.००**	**२२,२५९.००**	**२,८३९,३०८.००**	**१,०६०,०००.००**	**१,७७९,३०८.००**	**१६,८६०,६९२.००**
	1100001-नेपाल सरकार	01-नगद			१९,७००,०००.००	२,८३९,३०८.००	२,८१७,०४९.००	२२,२५९.००	२,८३९,३०८.००	१,०६०,०००.००	१,७७९,३०८.००	१६,८६०,६९२.००
22512 सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च					**५,६००,०००.००**	**२९३,६५८.००**	**२९३,६५८.००**	**०.००**	**२९३,६५८.००**	**०.००**	**२९३,६५८.००**	**५,३०६,३४२.००**
	1100001-नेपाल सरकार	01-नगद			५,६००,०००.००	२९३,६५८.००	२९३,६५८.००	०.००	२९३,६५८.००	०.००	२९३,६५८.००	५,३०६,३४२.००
22522 कार्यक्रम खर्च					**३,०००,०००.००**	**०.००**	**०.००**	**०.००**	**०.००**	**०.००**	**०.००**	**३,०००,०००.००**
	1100001-नेपाल सरकार	01-नगद			३,०००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	३,०००,०००.००
22529 विविध कार्यक्रम खर्च					**१८,०००,०००.००**	**३,५१७,०९७.९८**	**२,८३५,५९७.९८**	**६८१,५००.००**	**३,५१७,०९७.९८**	**१,०२६,१३४.००**	**२,४९०,९६३.९८**	**१४,४८२,९०२.०२**
	1100001-नेपाल सरकार	01-नगद			१८,०००,०००.००	३,५१७,०९७.९८	२,८३५,५९७.९८	६८१,५००.००	३,५१७,०९७.९८	१,०२६,१३४.००	२,४९०,९६३.९८	१४,४८२,९०२.०२
22611 अनुगमन, मूल्यांकन खर्च					**५,०००,०००.००**	**१,०७९,८९९.००**	**९८२,८८९.००**	**९७,०१०.००**	**१,०७९,८९९.००**	**०.००**	**१,०७९,८९९.००**	**३,९२०,१०१.००**
	1100001-नेपाल सरकार	01-नगद			५,०००,०००.००	१,०७९,८९९.००	९८२,८८९.००	९७,०१०.००	१,०७९,८९९.००	०.००	१,०७९,८९९.००	३,९२०,१०१.००

खर्च/वित्तीय संकेत नम्बर / नाम	प्राथमिक तह		द्वितीय तह		अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेस्की	पेस्की बाहेक खर्च रकम	बाँकी बजेट
	स्रोत व्यहोर्ने निकाय	भुक्तानी विधि	स्रोत व्यहोर्ने निकाय	भुक्तानी विधि								
22612 भ्रमण खर्च					**३६,०००,०००.००**	**५,४८२,७०१.००**	**४,८८१,४७५.००**	**६०१,२२६.००**	**५,४८२,७०१.००**	**०.००**	**५,४८२,७०१.००**	**३०,५१७,२९९.००**
	1100001-नेपाल सरकार	01-नगद			३६,०००,०००.००	५,४८२,७०१.००	४,८८१,४७५.००	६०१,२२६.००	५,४८२,७०१.००	०.००	५,४८२,७०१.००	३०,५१७,२९९.००
22619 अन्य भ्रमण खर्च					**१०,५००,०००.००**	**३,०५७,७३०.००**	**३,०२१,२३०.००**	**३६,५००.००**	**३,०५७,७३०.००**	**१,०००,०००.००**	**२,०५७,७३०.००**	**७,४४२,२७०.००**
	1100001-नेपाल सरकार	01-नगद			१०,५००,०००.००	३,०५७,७३०.००	३,०२१,२३०.००	३६,५००.००	३,०५७,७३०.००	१,०००,०००.००	२,०५७,७३०.००	७,४४२,२७०.००
22711 विविध खर्च					**३५,२२०,०००.००**	**३,७७७,२८६.१५**	**३,४५०,७३५.५५**	**३२६,५५०.६०**	**३,७७७,२८६.१५**	**०.००**	**३,७७७,२८६.१५**	**३१,४४२,७१३.८५**
	1100001-नेपाल सरकार	01-नगद			३५,२२०,०००.००	३,७७७,२८६.१५	३,४५०,७३५.५५	३२६,५५०.६०	३,७७७,२८६.१५	०.००	३,७७७,२८६.१५	३१,४४२,७१३.८५
27211 छात्रवृत्ति					**१,०००,०००.००**	**७५,०००.००**	**७५,०००.००**	**०.००**	**७५,०००.००**	**०.००**	**७५,०००.००**	**९२५,०००.००**
	1100001-नेपाल सरकार	01-नगद			१,०००,०००.००	७५,०००.००	७५,०००.००	०.००	७५,०००.००	०.००	७५,०००.००	९२५,०००.००
जम्मा					**८०९,९५६,०००.००**	**२८३,५११,८३७.०४**	**२३७,३३७,८५०.६५**	**४६,१८८,८७१.३९**	**२८३,५२६,७२२.०४**	**५,८४६,१३४.००**	**२७७,६८०,५८८.०**	**५२६,४२९,२७७.९६**

स्रोतगत जम्मा

1100001-नेपाल सरकार					**८०९,९५६,०००.००**	**२८३,५११,८३७.०४**	**२३७,३३७,८५०.६५**	**४६,१८८,८७१.३९**	**२८३,५२६,७२२.०४**	**५,८४६,१३४.००**	**२७७,६८०,५८८.०**	**५२६,४२९,२७७.९६**
		01-नगद			८०९,९५६,०००.००	२८३,५११,८३७.०४	२३७,३३७,८५०.६५	४६,१८८,८७१.३९	२८३,५२६,७२२.०४	५,८४६,१३४.००	२७७,६८०,५८८.०४	५२६,४२९,२७७.९६
जम्मा					**८०९,९५६,०००.००**	**२८३,५११,८३७.०४**	**२३७,३३७,८५०.६५**	**४६,१८८,८७१.३९**	**२८३,५२६,७२२.०४**	**५,८४६,१३४.००**	**२७७,६८०,५८८.०**	**५२६,४२९,२७७.९६**

तयार गर्ने : .....
नामः
पद :
मिति :

पेस गर्ने : .....
नामः
पद :
मिति :

प्रमाणित गर्नेः .....
नाम :
पदः
मिति :

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
कार्यालय कोड नं : २०६००३५०१

खर्चको फाँटबारी

बजेट उपशीर्षक नम्बरः २०६०००११४ **आर्थिक वर्षः** २०८०/८१

आयोजना/कार्यक्रम नामः अख्तियार दुरुपयोग अनुसन्धान आयोग (प्रशासनिक खर्च समेत) **महिनाः** पुस

खर्च/वित्तीय संकेत नम्बर / नाम	प्राथमिक तह		द्वितीय तह		अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेस्की	पेस्की बाहेक खर्च रकम	बाँकी बजेट
	स्रोत व्यहोर्ने निकाय	भुक्तानी विधि	स्रोत व्यहोर्ने निकाय	भुक्तानी विधि								
31122 मेशिनरी तथा औजार					**२८,०००,०००.००**	**७५०,९४१.५०**	**७५०,९४१.५०**	**०.००**	**७५०,९४१.५०**	**०.००**	**७५०,९४१.५०**	**२७,२४९,०५८.५०**
1100001-नेपाल सरकार	01-नगद				२८,०००,०००.००	७५०,९४१.५०	७५०,९४१.५०	०.००	७५०,९४१.५०	०.००	७५०,९४१.५०	२७,२४९,०५८.५०
31123 फर्निचर तथा फिक्चर्स					**१०,०००,०००.००**	**१,६२७,६८०.२५**	**१,६२७,६८०.२५**	**०.००**	**१,६२७,६८०.२५**	**०.००**	**१,६२७,६८०.२५**	**८,३७२,३१९.७५**
1100001-नेपाल सरकार	01-नगद				१०,०००,०००.००	१,६२७,६८०.२५	१,६२७,६८०.२५	०.००	१,६२७,६८०.२५	०.००	१,६२७,६८०.२५	८,३७२,३१९.७५
31161 निर्मित भवनको संरचनात्मक सुधार खर्च					**१५,९००,०००.००**	**९१२,९९०.२८**	**९१२,९९०.२८**	**०.००**	**९१२,९९०.२८**	**०.००**	**९१२,९९०.२८**	**१४,९८७,००९.७२**
1100001-नेपाल सरकार	01-नगद				१५,९००,०००.००	९१२,९९०.२८	९१२,९९०.२८	०.००	९१२,९९०.२८	०.००	९१२,९९०.२८	१४,९८७,००९.७२
जम्मा					**५३,९००,०००.००**	**३,२९१,६१२.०३**	**३,२९१,६१२.०३**	**०.००**	**३,२९१,६१२.०३**	**०.००**	**३,२९१,६१२.०३**	**५०,६०८,३८७.९७**

स्रोतगत जम्मा

1100001-नेपाल सरकार					**५३,९००,०००.००**	**३,२९१,६१२.०३**	**३,२९१,६१२.०३**	**०.००**	**३,२९१,६१२.०३**	**०.००**	**३,२९१,६१२.०३**	**५०,६०८,३८७.९७**
	01-नगद				५३,९००,०००.००	३,२९१,६१२.०३	३,२९१,६१२.०३	०.००	३,२९१,६१२.०३	०.००	३,२९१,६१२.०३	५०,६०८,३८७.९७
जम्मा					**५३,९००,०००.००**	**३,२९१,६१२.०३**	**३,२९१,६१२.०३**	**०.००**	**३,२९१,६१२.०३**	**०.००**	**३,२९१,६१२.०३**	**५०,६०८,३८७.९७**

तयार गर्ने : .....
नाम:
पद :
मिति :

पेस गर्ने : .....
नाम:
पद :
मिति :

प्रमाणित गर्ने: .....
नाम :
पद:
मिति :

नेपाल सरकार

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अख्तियार दुरूपयोग अनुसन्धान आयोग,टंगाल[२०६००३५०१]

राजस्व सम्बन्धी मासिक प्रतिवेदन

आ.व. २०८०/८१

महिना : पुष

सि.नं.	राजस्व शीर्षक	अघिल्लो महिना	यस महिनाको	जम्मा	नगद दाखिला हुन बांकी भौचर
१	१४२१२-सरकारीसम्पतीको विक्रीबाट प्राप्त रकम	८१,०००.००	०.००	८१,०००.००	
२	१४२१८-विद्युतसेवा शुल्क	०.००	०.००	०.००	
३	१४२२१-न्यायिकदस्तूर	०.००	०.००	०.००	
४	१४२२९-अन्यप्रशासनिक सेवा शुल्क	३०,०००.००	०.००	३०,०००.००	
५	१४३१२-प्रशासनिकदण्ड,जरिवाना र जफत	४,३६०,०००.००	०.००	४,३६०,०००.००	
६	१४५२९-अन्यराजस्व	०.००	०.००	०.००	
७	१५१११-बेरूजू	५,०००.००	०.००	५,०००.००	
८	१५११२-निकासा फिर्ता	०.००	०.००	०.००	
९	३२१२१-गत वर्षको नगद मौज्दात	०.००	०.००	०.००	
जम्मा रकम		४,४७६,०००.००	०.००	४,४७६,०००.००	०.००

कोष को अवस्था

कुल आम्दानी : ४,४७६,०००.००

सो मध्ये, बैंक भौचरबाट : ६५,०००.००

नगद संकलन :

नगद संकलन मध्ये,

- बैंक दाखिला गरेको रकम :

-नगद मौज्दात :

नेपाल सरकार
अख्तियार दुरुपयोग अनुसन्धान आयोग
अख्तियार दुरुपयोग अनुसन्धान आयोग
206003501-अख्तियार दुरुपयोग अनुसन्धान आयोग
कार्यालय कोड नं : २०६००३५०१

म.ले.प. फाराम नं:६०७

धरौटी मासिक विवरण

आर्थिक वर्षः २०८०/८१

महिनाः पुस

१. आम्दानी

क. गत महिनाको धरौटी मौज्दात	३०,०८७,४७५.३९
ख. चालु महिनाको प्राप्त भएको धरौटी	११६,२९३.४३
यस महिना सम्मको जम्मा :	३०,२०३,७६८.८२

२. खर्च

क. चालु महिनाको फिर्ता भएको धरौटी	०.००
ख. चालु महिनाको सदर स्याहा भएको धरौटी	०.००
ग. चालु महिनाको अन्य फिर्ता भएको धरौटी	०.००
यस महिना सम्मको जम्मा :	०.००

३. स्रेस्ताअनुसारको बाँकी (१-२) ३०,२०३,७६८.८२

४. बैंकअनुसारको धरौटी मौज्दात ०.००

५. फरक(३-४)

६. फरक पर्नाको कारण

१३. तोकिएबमोजिमको अन्य विवरण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रकाशन भएका प्रतिवेदन तथा अन्य प्रकाशनहरू देहायबमोजिम रहेका छन्:

- आयोगको तेत्तिसौं वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०७९/८०)
- आयोगको संस्थागत रणनीतिक योजना आ.व. २०७६/७७ - २०८०/८१
- स्मारिका, २०७९
- अख्तियार इ-बुलेटिन (त्रैमासिक)
- भ्रष्टाचारसँग सम्बन्धित महत्वपूर्ण नजीरहरूको सारसंक्षेप, २०७६
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग पदाधिकारी एवं कर्मचारीहरूको आचारसंहिता, २०७६
- भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा भएका संवैधानिक तथा कानुनी व्यवस्था,२०७८
- नजिर संग्रह (भ्रष्टाचारसम्बन्धी कसुरमा आधारित), २०७८

१४. अघिल्लो आर्थिक वर्षमा सञ्चालित कार्यक्रमहरू

- सामुदायिक शिक्षा कार्यक्रम
- अन्तर्क्रिया कार्यक्रम
- समन्वय बैठक
- कानुनमा सुधारका लागि अन्तर्क्रिया तथा मस्यौदा तयारी कार्य
- भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस
- अनुसन्धानका लागि आधारभूत तालिम कार्यक्रम
- आयोगको स्थापना दिवस कार्यक्रम

१५. आयोगको वेबसाइट र यसको विवरण

आयोगको वेबसाइट www.ciaa.gov.np रहेको छ। उक्त वेबसाइटमा आयोगको परिचय तथा गठन, संगठन संरचना, आयोगका पदाधिकारीहरूको परिचय, आयोग मातहतका कार्यालयहरूको विवरण, ऐन कानुन, प्रतिवेदन, सूचना, प्रेस विज्ञप्ति तथा आयोगका विभिन्न प्रकाशनहरू सूचीकृत गरिएको छ। यसका अलावा आयोगको वेबसाइटमा गएर अनलाइनमार्फत उजुरी प्रेषित गर्ने व्यवस्थासमेत मिलाइएको छ। आयोगको फेसबुक पेज www.facebook.com/NepalCIAA मार्फत आयोगका प्रेस विज्ञप्ति सार्वजनिक गरी सूचना सम्प्रेषण गर्ने व्यवस्था गरिएको छ।

आयोगमा गुनासो/उजुरी गर्ने माध्यमहरू

हटलाइन नं.: १०७ (उजुरीको लागि)

आयोगको वेबसाइट www.ciaa.gov.npमार्फत अनलाइन उजुरी दर्ता गरेर

टोल फ्रि नं.: १६६०-०१-२२२३३ (उजुरीको लागि)

ईमेल : ujuri@ciaa.gov.np (ईमेलमार्फत उजुरीका लागि)

९८६३३३३१९१ (उजुरी भाइबर/SMS गरेर)

फेसबुकः /NepalCIAA (उजुरी Messages गरेर)

ट्विटरः @ciaa_nepal (उजुरी Messages गरेर)

हुलाक मार्फत वा आयोग र अन्तर्गतका कार्यालयहरूमा आफैं उपस्थित भएर

टेलिफोन नं.: ०१-५२६२१५१ (सामान्य प्रशासकीय विषयका लागि)

फ्याक्स नं.: ०१-५२६२१०४/५२६२१२८ (फ्याक्स गर्नका लागि)

१६. आयोगले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौतासम्बन्धी विवरणः

नेपाल सरकारबाट विनियोजित वार्षिक बजेट तथा कार्यक्रमअनुसार आयोग सञ्चालन हुने गरेको छ। आयोगको आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण बुँदा नं. १२ मा प्रस्तुत गरिएको छ।

१७. आयोगले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदनः

आयोगले यस त्रैमासिक अवधिमा सम्पादन गरेका कार्यक्रम तथा प्रगति विवरण यसै बुलेटिनको सम्पादित कार्यहरूको खण्डको बुँदा नं क्रमश : २.१ देखि ४ सम्म प्रस्तुत गरिएको छ।

१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

आयोगसँग सम्बन्धित ऐन, नियमावलीमा गोप्य रहने भनी उल्लेख गरेका सूचना बाहेक सबै प्रकारका सूचनाहरू आयोगको वेबसाइटमार्फत र सामाजिक सञ्जालमा समेत सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम दैनिक प्रकाशन गरी जानकारी गराउने गरिएको छ।

१९. आयोगमा परेका सूचना मागसम्बन्धी निवेदन र सोउपर सूचना दिएको विवरणः

आयोगमा यस आर्थिक वर्षको यस त्रैमासिक अवधिमा सूचना माग गरी ८४ वटा निवेदन परेको र उक्त निवेदनहरूको सूचनामा सरोकारवाला व्यक्तिलाई उपलब्ध गराइएको छ।

२०. आयोगका सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने गरेको विवरणः

आयोगका सूचनाहरू नियमित रुपमा आयोगकै वेबसाइटमा प्रकाशन हुने गरेका छन्। घुस रिसवत लिने दिने तथा भ्रष्टाचारका अन्य कसुरउपर विशेष अदालतमा आरोपपत्र दायरलगायत आयोगका अन्य गतिविधि सम्मिलित विषय आयोगकै वेबसाइटमा प्रेस विज्ञप्तिमार्फत प्रकाशन गर्ने गरिएको र सो बारेमा विभिन्न सञ्चार माध्यमहरूलाई समेत ईमेलबाट जानकारी गराउने गरिएको छ। नेपाल टेलिभिजनबाट "सुशासन सवाल" कार्यक्रम प्रत्येक मंगलबार साँझ ७:२५ बजे प्रसारण हुने गरेको र सोको भोलिपल्ट बिहान पुनःप्रशारण हुँदै आएको छ। यस अतिरिक्त आयोगबाट सम्प्रेषण गर्न उपयुक्त हुने सूचनाहरू विभिन्न सञ्चार माध्यममार्फत समाचार तथा लेख रचनाको रुपमा प्रकाशन तथा प्रसारण हुने गरेको छ।

(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को कार्यान्वयको लागि प्रकाशित)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट आर्थिक वर्ष २०८०/८१ मा सम्पादित कार्यहरूको

त्रैमासिक विवरण (कार्तिक-पुस)

१.१ उजुरी र फछ्यौंट

आर्थिक वर्ष २०८०/८१ को दोस्रो त्रैमासिक (कार्तिक-पुस) अवधिमा भ्रष्टाचारसम्बन्धी ४,८५९ वटा उजुरी परेका छन्। त्यसैगरी, पहिलो त्रैमासिक अवधिमा ८,००० र गत आ.व.बाट जिम्मेवारी सरी आएका ९,२६८ गरी यस अवधिसम्ममा जम्मा २२,१२७ उजुरी रहेका छन्। यस त्रैमासिक अवधिमा ५,१५६ उजुरी फछ्यौंट भएकासमेत गरी हालसम्म १०,०५५ उजुरी फछ्यौंट भएका छन्। फछ्यौंट हुन बाँकी १२,०७२ उजुरी छानबिनको क्रममा रहेका छन्। आयोगमा परेका उजुरीमध्ये आयोगले गरेको कारबाहीबाट यस त्रैमासिक अवधिमा १३७ वटा उजुरी विस्तृत अनुसन्धानमा गएको, १,३४५ वटा उजुरी कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको, ९४५ वटा उजुरी सोसँग सम्बन्धित अन्य उजुरीमा गाभिएको र २,७२९ वटा उजुरी तामेलीमा पठाइएको छ। आयोगमा परेको उजुरी संख्या, सो उपर आयोगले गरेको कारबाही एवं फछ्यौंट हुन बाँकी उजुरीको विवरण देहायअनुसार रहेको छ :-

१.१ आयोगमा रहेको कुल उजुरी, फछ्यौंट तथा बाँकी उजुरीहरूको विवरण

विवरण	उजुरी संख्या	फछ्यौंट					जम्मा फछ्यौंट	त्रैमासिक अवधिसम्म फछ्यौंट हुन बाँकी
		विस्तृत अनुसन्धान	आयोगबाट तामेली		आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने	अन्य उजुरीमा गाभिएको		
			तामेली	सुझाव सहित तामेली				
गत आ.व. को जिम्मेवारी सरेको उजुरी संख्या	९,२६८	-	-	-	-	-	-	
पहिलो त्रैमासिक	८,०००	१९७	१,४९७	४५	१,८००	१,३६०	४,८९९	१२,३६९
दोस्रो त्रैमासिक	४,८५९	१३७	२६७२	५७	१३४५	९४५	५,१५६	१२,०७२
हाल सम्मको जम्मा	२२,१२७	३३४	४,१६९	१०२	३,१४५	२,३०५	१०,०५५	१२,०७२

१.२ कार्यालयगत उजुरी र फछ्यौंटको अवस्था

आर्थिक वर्ष २०८०/८१ को दोस्रो त्रैमासिक अवधिसम्ममा विभिन्न माध्यमहरूबाट आयोगको केन्द्रीय कार्यालय र मातहत कार्यालयहरूमा पर्न आएका तथा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका उजुरीहरू देहायको तालिका तथा स्तम्भचित्रमा प्रस्तुत गरिएको छ। सो अनुसार बढी उजुरीहरू ९,३४५ (४२.२३%) आयोगको टङ्गालस्थित केन्द्रीय कार्यालयमा दर्ता भएका र मातहत कार्यालयहरूमध्ये सबैभन्दा बढी उजुरीहरू आयोगको

कार्यालय, बर्दिबासमा २,३७८ उजुरीहरू (१०.७५%) रहेका छन्। सबैभन्दा कम उजुरीहरू आयोगको सम्पर्क कार्यालय, नेपालगञ्जमा ६५० उजुरीहरू (२.९४%) रहेका छन्।

कार्यालय	दोस्रो त्रैमासिक अवधिको उजुरी संख्या	कुल उजुरी संख्या	कुल फछ्यौंट भएको उजुरी संख्या	फछ्यौंट प्रतिशत
अ.दु.अ.आ., टङ्गाल	२३६४	९३४५	५२०५	५५.७०
आयोगको कार्यालय, इटहरी	३६८	१८३३	८२७	४५.१२
आयोगको कार्यालय, बर्दिबास	४४४	२३७८	९१६	३८.५२
आयोगको कार्यालय, हेटौंडा	४२७	२०७२	७९८	३८.५१
आयोगको कार्यालय, पोखरा	२२७	११०७	४७०	४२.४६
आयोगको कार्यालय, बुटबल	३३९	१२९८	५४७	४२.१४
आयोगको कार्यालय बुटबलको सम्पर्क कार्यालय, नेपालगंज	११६	६५०	२५६	३९.३८
आयोगको कार्यालय, सुर्खेत	३००	१९५८	४९८	२५.४३
आयोगको कार्यालय, कञ्चनपुर	२७४	१४८६	५३८	३६.२०
जम्मा	४८५९	२२१२७	१००५५	५८.२३

कार्यालयगत उजुरी र फछ्यौंटको अवस्था स्तम्भचित्रमा



२ भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा आयोगबाट भएको कार्य प्रगति

२.१ भ्रष्टाचार नियन्त्रणसम्बन्धी उपचारात्मक कार्यको प्रगति विवरणः-

क) दर्ता भएका आरोपपत्रहरूको संख्या

यस आर्थिक वर्ष २०८०/०८१ को दोस्रो त्रैमासिक अवधिमा आयोगले कुल २८ वटा आरोपपत्रहरू विशेष अदालतमा दायर गरेको छ। यस त्रैमासिकको कार्तिक महिनामा ९, मंसिर महिनामा ८ र पुस महिनामा ११ वटा आरोपपत्रहरू दायर भएका छन्।

यस त्रैमासिक अवधिमा दर्ता भएका आरोपपत्रहरूको विवरण :-

क्र.सं.	विषय	मुद्दा (संख्या)
१	घुस (रिसवत)	८
२	झुटा/नक्कली शैक्षिक प्रमाणपत्र	५
३	सार्वजनिक सम्पत्ति हानि नोक्सानी	५
४	गैरकानुनी लाभ वा हानि	३
५	गैरकानुनी सम्पत्ति आर्जन	१
६	राजस्व चुहावट/हिनामिना	४
७	विविध	२
जम्मा		२८



यस आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिमा विशेष अदालतमा दायर गरिएका २८ वटा आरोपपत्रमा ९३ जना आरोपीलाई प्रतिवादी बनाई विगो रु. ३१६,७८३,९८८.५१ को माग दावी लिइएको छ । मुद्दा दायर गरिएका व्यक्तिहरूको पद/श्रेणी वा दर्जा निम्नानुसार रहेको छः-

क्र.सं	पद/श्रेणी	कारबाहीमा परेका व्यक्तिको संख्या					जम्मा
		प्रशासन	प्राविधिक		नेपाल प्रहरी	शिक्षक	
			इन्जि.	अन्य			
१	बिशिष्ठ श्रेणी वा सो सरह						
२	सहसचिव वा सो सरह	१		१			२
३	उपसचिव, सी.डी.ई वा सो सरह	७		२			९
४	शाखा अधिकृत, इन्जिनियर वा सो सरह	१२	२				१४
५	लेखापाल	४					४
६	ना.सु, सब ई, क.अ. वा सो सरह	४	४	४	१	६	१९
७	खरिदार, फोरमेन वा सो सरह	१		१			२
८	जुनियर कर्मचारी				१		१
राष्ट्रसेवक कर्मचारी जम्मा		२९	६	८	२	६	५१
९	निर्वाचित	५					५
१०	मनोनित पदाधिकारी	१५					१५
११	व्यबसायी	७					७
१२	अन्य	१५					१५
अन्य व्यक्ति जम्मा		४२					४२
	कुल जम्मा						९३
	जम्मा आरोपपत्र दायर संख्या						२८

दोस्रो त्रैमासिक अवधिमा दायर भएका आरोपपत्रको विस्तृत विवरण निम्न बमोजिम उल्लेख गरिएको छः-

सि. नं.	प्रतिवादीको नाम थर	पद	कार्यालय	मुद्दा	निर्णय नं.	दर्ता मिति	विगो
१	कृष्ण प्रसाद सिग्देल	प्रमुख प्रशासकीय अधिकृत	चन्द्रपुर न.पा., रौतहट	राजस्व चुहावट गरी भ्रष्टाचार	२९७	२०८०।०७।१६	५,५०२,१९८.०६
	किर्तिराज सुवेदी	लेखा अधिकृत	चन्द्रपुर न.पा., रौतहट	ऐ	ऐ	ऐ	५,५०२,१९८.०६
	राम विनोद राउत बरै	प्रोपाइटर	आशिक कन्ट्रक्सन वृन्दावन न.पा.-६ रौतहट	ऐ	ऐ	ऐ	५,५०२,१९८.०६
	रामचन्द्र चौधरी	नगर प्रमुख	चन्द्रपुर न.पा., रौतहट	ऐ	ऐ	ऐ	३,७३४,१९८.०६
२	कृष्ण प्रसाद सिग्देल	प्रमुख प्रशासकीय अधिकृत	चन्द्रपुर न.पा., रौतहट	राजस्व चुहावट गरी भ्रष्टाचार	२९५	२०८०।०७।१६	२,८२५,००५.६५
	किर्तिराज सुवेदी	लेखा अधिकृत	चन्द्रपुर न.पा., रौतहट	ऐ	ऐ	ऐ	२,८२५,००५.६५
	राम विनोद राउत बरै	प्रोपाइटर	आशिक कन्ट्रक्सन वृन्दावन न.पा.-६ रौतहट	ऐ	ऐ	ऐ	२,८२५,००५.६५
३	कृष्ण प्रसाद सिग्देल	प्रमुख प्रशासकीय अधिकृत	चन्द्रपुर न.पा., रौतहट	राजस्व चुहावट गरी भ्रष्टाचार	२९६	२०८०।०७।१६	१,५६८,०००.००
	किर्तिराज सुवेदी	लेखा अधिकृत	चन्द्रपुर न.पा., रौतहट	ऐ	ऐ	ऐ	१,५६८,०००.००
	राम विनोद राउत बरै	प्रोपाइटर	आशिक कन्ट्रक्सन वृन्दावन न.पा.-६ रौतहट	ऐ	ऐ	ऐ	१,५६८,०००.००
४	बैकुण्ठ अधिकारी	तत्कालीन-सचिव	भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय. प्रदेश नं. ५	गैरकानुनी लाभ हानी	२२१	२०८०।०७।१९	१३,१६०,०००.००
	श्रीधर ज्ञवाली	तत्कालीन महाशाखा प्रमुख	भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय. प्रदेश नं. ५	ऐ	ऐ	ऐ	१३,१६०,०००.००
	मुकेश रामजाली नेपाली	कृषि अधिकृत	भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय. प्रदेश नं. ५	ऐ	ऐ	ऐ	१३,१६०,०००.००

सि. नं.	प्रतिवादीको नाम थर	पद	कार्यालय	मुद्दा	निर्णय नं.	दर्ता मिति	विगो
	राजाराम तिवारी	प्रवन्ध निर्देशक	आधुनिक कृषि किसान संसार, भरतपुर-९	ऐ	ऐ	ऐ	१३,१६०,०००.००
५	हरिनारायण मिश्र	तत्कालीन मालपोत अधिकृत	मालपोत कार्यालय, पर्सा	राजस्व हिनामिना	२९३	२०८०।०७।०२	२०,९३१,६४७.००
	भुप बहादुर बोगटी	तत्कालीन मालपोत अधिकृत	मालपोत कार्यालय, पर्सा	ऐ	ऐ	ऐ	१४,९६९,१४५.००
	गोपाल बहादुर ढुंगाना	तत्कालीन मालपोत अधिकृत	मालपोत कार्यालय, पर्सा	ऐ	ऐ	ऐ	३,५४५,९५०.००
	पदम प्रसाद अर्याल	तत्कालीन मालपोत अधिकृत	मालपोत कार्यालय, पर्सा	ऐ	ऐ	ऐ	१,६८१,६००.००
	चन्द्र बहादुर भण्डारी	तत्कालीन मालपोत अधिकृत	मालपोत कार्यालय, पर्सा	ऐ	ऐ	ऐ	२४४,४६२.००
	कमोद तिवारी	तत्कालीन कम्प्युटर अधिकृत	मालपोत कार्यालय, पर्सा	ऐ	ऐ	ऐ	१४,१४७,१७१.००
	किरण प्रसाद उपाध्याय	स्वर्गिय		ऐ	ऐ	ऐ	५५,५१९,९७५.००
	मुरारी प्रसाद उपाध्याय			ऐ	ऐ	ऐ	
	राज किशोर उपाध्याय			ऐ	ऐ	ऐ	
	पशुपति प्रसाद उपाध्याय			ऐ	ऐ	ऐ	
	गौतम प्रसाद उपाध्याय			ऐ	ऐ	ऐ	
६	अनुप मेहता			गैर नेपाली नागरिकलाई जग्गा बिक्रि वितरण	३४९	२०८०।०७।२३	५०,५४२,०००.००
७	सुदिप कटुवाल	ना.सु.	मालपोत कार्यालय, इनरुवा, सुनसरी	घुस रिसवत	३३६	२०८०।०७।२३	१५०,०००.००
	रमेश अधिकारी	खरिदार	मालपोत कार्यालय, इनरुवा, सुनसरी	ऐ	ऐ	ऐ	१५०,०००.००

सि. नं.	प्रतिवादीको नाम थर	पद	कार्यालय	मुद्दा	निर्णय नं.	दर्ता मिति	विगो
८	योगेन्द्र प्रसाद यादव	पुर्व शिक्षक	नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, रौवाही-५, वारा	गैरकानुनी तरिकाले निवृतिभरण दिलाई	३४५	२०८०।०७।२४	१,६९२,२६९.२५
	वृज किशोर प्रसाद	अधिकृत	शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय	ऐ	ऐ	ऐ	
	धर्मेन्द्र प्रसाद यादव	शिक्षक	नेपाल राष्ट्रिय आ.वि.सन. फुलवा-७, वारा	ऐ	ऐ	ऐ	
	चेधारु प्रसाद कुर्मि	तत्कालीन प्रधानध्यापक	नेपाल राष्ट्रिय आ.वि.सन. फुलवा-७, वारा	ऐ	ऐ	ऐ	
	वेद प्रसाद पौडेल	कर्मचारी	शिक्षा विकास निर्देशनालय, मकवानपुर	ऐ	ऐ	ऐ	
	दिनेश कुमार श्रेष्ठ	का.मु. निर्देशक	शिक्षा विकास निर्देशनालय, मकवानपुर	ऐ	ऐ	ऐ	
	तुलाराम भण्डारी	तत्कालीन जिल्ला शिक्षा अधिकारी	जिल्ला शिक्षा कार्यालय, वारा	ऐ	ऐ	ऐ	
९	देवनारायण ठाकुर	सर्वेक्षक	नापी कार्यालय भद्रपुर, झापा	घुस रिसवत	३५०	२०८०।०७।०४	१२५,०००.००
	उमेश यादव			ऐ	ऐ	ऐ	१२५,०००.००
	सुबाष चन्द्र यादव	सर्वेक्षक	नापी कार्यालय भद्रपुर, झापा	ऐ	ऐ	ऐ	१२५,०००.००
१०	चन्द्र सिंह लामा	अध्यक्ष	सामुदायिक वन उपभोक्ता समिति, भुम्लु ४ काभ्रे	सार्वजनिक सम्पत्ति हानिनोक्सानी	२९८	२०८०।०८।०६	९१३,२८०.९०
	संगिता चौलागाई	सचिव	सामुदायिक वन उपभोक्ता समिति, भुम्लु ४ काभ्रे	ऐ	ऐ	ऐ	९१३,२८०.९०
	माधव प्रसाद चौलागाई	कोषाध्यक्ष	सामुदायिक वन उपभोक्ता समिति, भुम्लु ४ काभ्रे	ऐ	ऐ	ऐ	९१३,२८०.९०
११	देवबहादुर महतारा	अ.हे.व.	छापहिले स्वास्थ्य चौकी, गुल्मी	झुटा शैक्षिक योग्यताको प्रमाणपत्र	३७१	२०८०।०८।०७	

सि. नं.	प्रतिवादीको नाम थर	पद	कार्यालय	मुद्दा	निर्णय नं.	दर्ता मिति	विगो
१२	डिलमाया कुमारी कडेल	शिक्षक	मुक्तिधाम आधारभूत विद्यालय. रुपन्देही	झुटा शैक्षिक योग्यताको प्रमाणपत्र	३७२	२०८०।०८।०७	
१३	अभिनय पाठक	सेक्टर प्रमुख	चितवन रा.नि.का. सौराहा सेक्टर, चितवन	सार्वजनिक सम्पत्ति हानि नोक्सानी	२९४	२०८०।०८।०७	३,१५९,७३५.००
	पुरुषोतम शर्मा	प्रमुख प्रशासकीय अधिकृत	खैरहनी नगर कार्यपालिकाको कार्यालय, चितवन	ऐ	ऐ	ऐ	३,१५९,७३५.००
	राजेश कोइराला	इन्जिनियर	खैरहनी नगर कार्यपालिकाको कार्यालय, चितवन	ऐ	ऐ	ऐ	३,१५९,७३५.००
	सुमन श्रेष्ठ	सव-इन्जिनियर	खैरहनी नगर कार्यपालिकाको कार्यालय, चितवन	ऐ	ऐ	ऐ	३,१५९,७३५.००
	हिरा बहादुर गुरुङ	अध्यक्ष	कंक्रिट मचान निर्माण उपभोक्ता समिति, चितवन	ऐ	ऐ	ऐ	११,९०५,६०३.३०
	सम्भु जि.सी. भनिने सम्मर घर्ति क्षेत्री	त. कोषाध्यक्ष	कुमरोज महयवर्ती सामुदायिक वन उपभोक्ता समिति, चितवन	ऐ	ऐ	ऐ	८,९०२,६६५.००
	कल्याढ प्रसाद लटौला	सचिव	कुमरोज महयवर्ती सामुदायिक वन उपभोक्ता समिति, चितवन	ऐ	ऐ	ऐ	३,५५०,९५२.३०
	सिता दाहाल भनिने ठण्डा कुमारी पराजुली दाहाल	कोषाध्यक्ष	कंक्रिट मचान निर्माण उपभोक्ता समिति, चितवन	ऐ	ऐ	ऐ	३,५५०,९५२.३०
	गणेश कुमार श्रेष्ठ	अध्यक्ष	कुमरोज महयवर्ती सामुदायिक वन उपभोक्ता समिति, चितवन	ऐ	ऐ	ऐ	१,३३१,२१७.३०
	उडवल वर्तौला	कोषाध्यक्ष	कुमरोज महयवर्ती सामुदायिक वन उपभोक्ता समिति, चितवन	ऐ	ऐ	ऐ	१,३३१,२१७.३०
	नारायण दत्त तिमिल्सिना	तत्कालीन अध्यक्ष	बुढीरासी उपभोक्ता समिति	ऐ	ऐ	ऐ	७८,०००.००
	सोमराज कडरिया	सदस्य	कंक्रिट मचान निर्माण उपभोक्ता समिति, चितवन	ऐ	ऐ	ऐ	७८,०००.००

सि. नं.	प्रतिवादीको नाम थर	पद	कार्यालय	मुद्दा	निर्णय नं.	दर्ता मिति	विगो
१४	निरन्जना मल्ल			नक्कली शैक्षिक प्रमाणपत्र	३७७	२०८०।०८।१५	
१५	शिव कुमार महतो	वडा सचिव	मन्थली न.पा. — ३, रामेछाप	सार्वजनिक सम्पत्ति हानि नोक्सानी	३५१	२०८०।०८।०८	४५,२२०.००
	निर्मला खत्री			ऐ	ऐ	ऐ	४५,२२०.००
१६	ओमकार प्रसाद न्यौपाने	तत्कालीन प्रमुख प्रशासकीय अधिकृत	रामधुनी न.पा. सुनसरी	झुटा विलको आधारमा भुक्तानी	३७०	२०८०।०८।११	२१२,०७३.५८
	द्वारिका प्रसाद दाहाल	लेखा अधिकृत	रामधुनी न.पा. सुनसरी	ऐ	ऐ	ऐ	२१२,०७३.५८
	देवेन्द्र नारायण चौधरी	इन्जिनियर	रामधुनी न.पा. सुनसरी	ऐ	ऐ	ऐ	२१२,०७३.५८
	हर्षलाल चौधरी	सव-इन्जिनियर	रामधुनी न.पा. सुनसरी	ऐ	ऐ	ऐ	२१२,०७३.५८
	नानु कुमारी निरौला (बस्नेत)	प्रोपाइटर	जलपा सिंह निर्माण सेवा इटहरी, सुनसरी	ऐ	ऐ	ऐ	
	सविना कुमारी चौधरी	तत्कालीन उपप्रमुख	रामधुनी न.पा. सुनसरी	ऐ	ऐ	ऐ	
	राज कुमार चौधरी	वडा अध्यक्ष	रामधुनी न.पा. -३, सुनसरी	ऐ	ऐ	ऐ	
	टिकालक्ष्मी श्रेष्ठ	त. वडा सदस्य	रामधुनी न.पा. - ३ सुनसरी	ऐ	ऐ	ऐ	
	सुनील कुमार चौधरी	सहायक पाँचौ	रामधुनी न.पा. सुनसरी	ऐ	ऐ	ऐ	
१७	माधव बस्नेत	तत्कालीन अनुसन्धान अधिकृत	राष्ट्रिय अनुसन्धान विभाग, काठमाडौ	नक्कली शैक्षिक प्रमाणपत्र	३९६	२०८०।०८।२४	
१८	कामेश्वर कापर	वडा अध्यक्ष	हँसपुर न.पा.-१, धनुषा	ठेक्का रकम हिनामिना तथा गलत लिखत तयार	४७८	२०८०।०९।०८	५५५,०००.००
	नविन कुमार चौधरी	ठेकदार	हँसपुर न.पा. — १, धनुषा	ऐ	ऐ	ऐ	५५५,०००.००
	मदन कुमार झा	ठेकदार	हँसपुर न.पा.-१, धनुषा	ऐ	ऐ	ऐ	
	केशव कुमार अधिकारी	तत्कालीन प्रमुख प्रशासकीय अधिकृत	हँसपुर न.पा. धनुषा	ऐ	ऐ	ऐ	

सि. नं.	प्रतिवादीको नाम थर	पद	कार्यालय	मुद्दा	निर्णय नं.	दर्ता मिति	विगो
१९	संजिव धवल	तत्कालीन प्रहरी जवान.	इलाका प्रहरी कार्यालय बर्दघाट,नवलपरासी	घुस रिसवत	४३५	२०८०।०९।११	
	अर्जुन प्रसाद शर्मा			ऐ	ऐ	ऐ	
	इन्द्रलाल श्रेष्ठ			ऐ	ऐ	ऐ	
२०	सुसान्त कुइकेल			गैरकानुनी लाभ तथा घुस/ रिसवत	४५५	२०८०।०९।१२	१००,०००.००
	लक्ष्मण अधिकारी	अध्यक्ष	राजाडिल सडक खण्ड मर्मत तथा निर्माण उपभोक्ता समिति गोकणेश्व न.पा. काठमाडौ	ऐ	ऐ	ऐ	१००,०००.००
	प्रेम प्रसाद भण्डारी	सचिव	राजाडिल सडक खण्ड मर्मत तथा निर्माण उपभोक्ता समिति गोकणेश्व न.पा. काठमाडौ	ऐ	ऐ	ऐ	१००,०००.००
	मोहन प्रसाद कुइकेल	सदस्य	राजाडिल सडक खण्ड मर्मत तथा निर्माण उपभोक्ता समिति गोकणेश्व न.पा. काठमाडौ	ऐ	ऐ	ऐ	१००,०००.००
२१	कलिम अहमद जोलाह	तत्कालीन प्रधानध्यापक	मदरसा दारुल उलुम अमजदिया बरकातिया, बाँके	सार्वजनिक सम्पत्ति हानि नोक्सानी	४८०	२०८०।०९।१६	१,८०३,७४१.००
	वदरुददुजा खाँ	अध्यक्ष	ऐ. व्यवस्थापन समिति बाँके	ऐ	ऐ	ऐ	१,८०३,७४१.००
२२	पवन साउद	प्रहरी नायव निरिक्षक	इलाका प्रहरी कार्यालय, मैनापोखर, बर्दिया	घुस रिसवत	५२४	२०८०।०९।१९	३०,०००.००
२३	सम्राट बहादुर शाह	विमान चालक	नेपाल वायु सेवा निगम, न्यूरोड, काठमाडौ	झुटा शैक्षिक योग्यताको प्रमाणपत्र	५१२	२०८०।०९।१९	
२४	विजय लक्ष्मी पन्त	असिष्टेन्ट सव-इन्जिनियर	चन्द्रागिरी न.पा.- १४ काठमाडौ	घुस रिसवत	५०४	२०८०।०९।२२	२५,०००.००

सि. नं.	प्रतिवादीको नाम थर	पद	कार्यालय	मुद्दा	निर्णय नं.	दर्ता मिति	विगो
२५	दिर्घ नारायण कोईराला	वन अधिकृत	डिभिजन वन कार्यालय काठमाण्डौ	गैरकानुनी सम्पत्ति आर्जन	५३१	२०८०।०९।२३	१२,५९६,३५३.५५
	जिता कोइराला पौडेल			ऐ	ऐ	ऐ	
२६	खेम भन्ने खीलेन्द्र सिंह जि.सी.			प्रतिकुल बकपत्र (घुस रिसवत)	५०६	२०८०।०९।११	१,८००,०००.००
२७	शौकत अलि खाँ	तत्कालीन अमिन	नापी कार्यालय, बुटवल, रुपन्देही	कित्ताकाट गरी भ्रष्टाचार गरेको	३९०	२०८०।०९।२३	
	ध्रुवराज मरासिनि	तत्कालीन नापी निरीक्षक	नापी कार्यालय, बुटवल, रुपन्देही	ऐ	ऐ	ऐ	
	शिवनाथ मण्डल	तत्कालीन सर्वेक्षक	नापी कार्यालय, बुटवल, रुपन्देही	ऐ	ऐ	ऐ	
	नन्द बहादुर कालाथापा	मृतक		ऐ	ऐ	ऐ	
	मान प्रसाद श्रेष्ठ			ऐ	ऐ	ऐ	
२८	टिका राज राई	सव-इन्जिनियर (करार	बुढानिलकण्ठ न.पा. काठमाडौ	घुस रिसवत	५३२	२०८०।०९।२४	८०,०००.००
	रामचन्द्र सुनुवार			ऐ	ऐ	ऐ	८०,०००.००
	जम्मा						**३१६,७८३,९८८.५१**

ख) घुस/रिसवत कारबाही

आयोगबाट आर्थिक वर्ष २०८०।०८१ को दोस्रो त्रैमासिक अवधि (कार्तिक-पुस) मा कुल ५ वटा घुस/रिसवतसम्बन्धी कारबाही भएको र उक्त घुस/रिसवतको रकम ६,२२,०००।- रहेको छ। घुस/रिसवत कारबाहीबाट नियन्त्रणमा लिइएका व्यक्तिहरूको विवरण देहायअनुसार छः-

क्र.स.	पद/श्रेणी	जम्मा संख्या	अप्राविधिक	प्राविधिक	प्रहरी	सशस्त्र प्रहरी	अन्य
१	रा. प. तृतीय श्रेणी वा सो सरह	-	-	-	-	-	-
२	सहायक कर्मचारी	४	-	२	२	-	-
३	कार्यालय सहयोगी	-	-	-	-	-	-
४	लेखापढी तथा बिचौलिया	-	-	-	-	-	-
५	वडा अध्यक्ष, उपभोक्ता स. अध्यक्ष, उपभोक्ता स. सदस्य र आयोजना व्यवस्थापक	१	-	-	-	-	१
	कुल जम्मा	**५**	**-**	**२**	**२**	**-**	**१**
घुस/रिसवत कारबाहीबाट नियन्त्रणमा लिएका व्यक्ति संख्या		**५**					

दोस्रो त्रैमासिक अवधिमा आयोगद्वारा घुस/रिसवतसम्बन्धी कारवाहीको क्रममा नियन्त्रणमा लिइएका व्यक्तिहरूको विवरण निम्नानुसार रहेको छः-

सि.न.	मिति	पक्राउ गर्ने कार्यालय	कार्यरत कार्यालय	पद	पक्राउ परेको व्यक्तिको नाम,थर, वतन	लिङ्ग	प्रयोजन	घटनाको संक्षिप्त विवरण	रकम
१	२०८०।०८।१२	नेपालगंज	ईलाका प्रहरी कार्यालय मैनापोखर, बर्दिया	प्र.ना.नि.	पवन साउद	पुरुष	मुद्दा मिलाई दिन्छु भनी	जिल्ला बर्दिया, बढैयाताल गाउँपालिका वडा नं. ६ मैनापोखर स्थित ईलाका प्रहरी कार्यालय मैनापोखर, बर्दियामा कार्यरत प्रहरी नायब निरीक्षक पवन साउदले लागू औषधको मुद्दा मिलाइदिने कार्यमा सहजीकरण गरिदिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल, सम्पर्क कार्यालय नेपालगञ्जबाट खटिई गएको टोलीले निज प्रहरी नायब निरीक्षक पवन साउदलाई सेवाग्राहीबाट रु.३०,०००।— (तीस हजार रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकमसहित ईलाका प्रहरी कार्यालय, मैनापोखर बर्दियाको मुद्दा शाखाबाट मिति २०८०।०८।१२ गते नियन्त्रणमा।	३०,०००।-
२	२०८०।०८।१४	टङ्गाल	बुढानीलकण्ठ नगरपालिका, काठमाण्डौ	सव-इन्जिनियर	टिकाराज राई	पुरुष	घर निर्माण सम्पन्न दिनका लागि	जिल्ला काठमाडौं, बुढानिलकण्ठ नगरपालिकामा कार्यरत सव-इन्जिनियर टिकाराज राईले घर निर्माण सम्पन्न भएको प्रमाणपत्र उपलब्ध गराए वापत सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गालबाट खटिई गएको टोलीले निज सव-इन्जिनियर टिकाराज राईलाई सेवाग्राहीबाट रु.८०,०००।- (असी हजार रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकमसहित बुढानीलकण्ठ नगरपालिका-७ बाट आज मिति २०८०/०८/१४ गते नियन्त्रणमा।	८०,०००।-

सि.न.	मिति	पक्राउ गर्ने कार्यालय	कार्यरत कार्यालय	पद	पक्राउ परेको व्यक्तिको नाम,थर, वतन	लिङ्ग	प्रयोजन	घटनाको संक्षिप्त विवरण	रकम
३	२०८०।०९।०२	हेटौडा	जितपुरसिमरा उपमहानगरपालिका-३, बारा	वडा अध्यक्ष	तारा बहादुर कार्की	पुरुष	घर बाटो सिफारिस दिनका लागि	जिल्ला बारा, जितपुरसिमरा उपमहानगरपालिका वडा नं. ३ का वडा अध्यक्ष तारा बहादुर कार्कीले घरबाटो सिफारिस गरिदिने प्रयोजनार्थ सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाबाट खटिई गएको टोलीले निज वडा अध्यक्ष तारा बहादुर कार्कीलाई सेवाग्राहीबाट रु.५,००,०००।— (पाँच लाख रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकमसहित जिल्ला बारा, जितपुरसिमरा उपमहानगरपालिका-७ बाट नियन्त्रणमा।	५,००,०००/-
४	२०८०।०९।११	बुटवल	नापी कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)	अमिन	गोविन्द ढकाल	पुरुष	जग्गा नापजाँच गरी लालपुर्जा दिलाउनका लागि	नापी कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) का अमिन गोविन्द ढकालले जग्गा नापजाँच गरी लालपुर्जा दिलाउने प्रयोजनार्थ सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलबाट खटिई गएको टोलीले निज अमिन गोविन्द ढकाललाई सेवाग्राहीबाट रु.४,०००।– (चार हजार रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकमसहित निजकै कार्यकक्षबाट आज मिति २०८०।०९।११ गते नियन्त्रणमा ।	४,०००/-

सि.न.	मिति	पक्राउ गर्ने कार्यालय	कार्यरत कार्यालय	पद	पक्राउ परेको व्यक्तिको नाम,थर, वतन	लिङ्ग	प्रयोजन	घटनाको संक्षिप्त विवरण	रकम
५	२०८०।०९।२५	नेपालगंज	प्रहरी चौकी खडैचा, बाँके	प्र.स.नि.	गजेन्द्र सिंह भण्डारी	पुरुष	युरिया मलसहित पक्राउ परेको मोटरसाइकल छुटाइदिने भनी	प्रहरी चौकी खडैचा, बाँकेमा कार्यरत प्रहरी सहायक निरीक्षक गजेन्द्र सिंह भण्डारीले कृषि प्रयोजनको लागि ल्याएको युरिया मलसहित पक्राउ परेको मोटरसाइकल छुटाइदिने भनी घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल, सम्पर्क कार्यालय नेपालगञ्जबाट खटिई गएको टोलीले निज प्रहरी सहायक निरीक्षक गजेन्द्र सिंह भण्डारीलाई सेवाग्राहीबाट रु.८,०००।– (आठ हजार रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकमसहित प्रहरी चौकी खडैचा, बाँकेबाट आज मिति २०८०।०९।२५ गते नियन्त्रणमा ।	८०००/-
								जम्मा	६,२२,०००।-

ग. मुद्दा दायरी, फैसला र आयोगबाट पुनरावेदनः

यस त्रैमासिक अवधिमा विशेष अदालतमा २८ वटा मुद्दा दायर भएको छ । मुद्दा दायरी, फैसला र आयोगबाट पुनरावेदनको विस्तृत विवरण देहायबमोजिम रहेको छ :-

क.मुद्दा शाखा (महाशाखा नं.-८)

आ.व. २०८०।०८१ को दोस्रो त्रैमासिक सम्मको विवरण

विवरण	श्रावण	भाद्र	असोज	कार्तिक	मंसिर	पुष	माघ	फागुन	चैत	बैशाख	जेठ	असार	जम्मा
विशेष अदालतमा मुद्दा दायर	१९	१५	१९	९	८	११							८१
लिखित जवाफ दर्ता	४	२	७	०	३	१							१७
पुनरावेदन दर्ता	१	११	१५	७	६	१५							५५
पुनरावलोकन दर्ता	०	०	०	०	०	०							०
प्रतिउत्तर पत्र दर्ता	०	०	०	०	०	०							०
फैसला प्राप्त	३२	१५	३५	०	३७	०							११९

२.२ भ्रष्टाचार नियन्त्रणसम्बन्धी आयोगबाट भएका निरोधात्मक कार्यको विवरणः-

भ्रष्टाचारजन्य कार्यको नियन्त्रणको लागि आयोगद्वारा उजुरीउपर गरिने अनुसन्धान र अभियोजनको दण्डात्मक कार्यले मात्र अपेक्षित परिणाम प्राप्त हुन नसक्ने ठानी भ्रष्टाचार हुनै नदिने वा त्यसलाई रोक्न निरोधात्मक कार्यहरूलाई निरन्तर रुपमा अगाडि बढाइएको छ। स्थानीयस्तरमा हुने भ्रष्टाचार न्यूनीकरण र निरोधका लागि ३३ वटा जिल्ला (ताप्लेजुङ्ग, पाचँथर, संखुवासभा, भोजपुर, सोलुखुम्बु, ओखलढुंगा, खोटाङ, रामेछाप, दोलखा, रसुवा, गोरखा, लमजुङ्ग, मुस्ताङ, मनाङ, गुल्मी, अर्घाखाची, प्युठान, रूकुमपूर्व, रोल्पा, सल्यान, जाजरकोट, कालिकोट, हुम्ला, जुम्ला, डोल्पा, मुगु, रुकुम(पश्चिम), बाजुरा, दार्चुला, बैतडी, डोटी, बझाङ र अछाम) का प्रमुख जिल्ला अधिकारीहरूलाई नेपालको संविधान धारा २३९ को उपधारा ५ बमोजिम र मिति २०७५/०८/२४ को राजपत्रमा प्रकाशित सूचना अनुसार अधिकार प्रत्यायोजन गरिएको छ। निजहरूले अनियमितता र भ्रष्टाचारका विषयमा परेका उजुरीहरूका सम्बन्धमा प्रारम्भिक छानबिन गरी तामेलीमा राख्न वा विस्तृत अनुसन्धान गर्न सम्बन्धित कागजातसहित आधार र कारणसमेत खुलाई आयोगको सम्बन्धित कार्यालयमार्फत आयोगसमक्ष पठाउनुपर्ने व्यवस्था गरिएको छ।

आयोगले भ्रष्टाचार विरुद्ध नागरिक समाजसँग सहकार्य अभिवृद्धि गर्ने उद्देश्यले सात वटै प्रदेशका विभिन्न २१ जिल्लामा (सुनसरी, मोरङ, इलाम, धादिङ, चितवन, मकवानपुर, रौतहट, कास्की, पर्वत, स्याङ्जा, बाग्लुङ, रुपन्देही, गुल्मी, कपिलवस्तु, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम), सुर्खेत, दैलेख, रुकुम पश्चिम, कैलाली, कंचनपुर र बैतडी) भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्था (Citizen Jury) गठन गरी भ्रष्टाचारविरुद्धको अभियानमा नागरिक समाजको सहभागिता बढाउने कार्य गर्दै आएको छ।

२.३ भ्रष्टाचार नियन्त्रणसम्बन्धी आयोगबाट भएका संस्थागत क्षमता विकास सम्बन्धी कार्य

क) अभिमुखीकरण तालिमः-

- भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि आयोगका पदाधिकारी र विभिन्न मन्त्रालयका सचिवहरू, नियामक निकाय एवम् सार्वजनिक संस्थानका प्रमुखहरू विचमा मिति २०८०।०८।६ देखि २०८०।०८।०७ गतेसम्म आयोगको सभाहलमा अन्तरक्रिया कार्यक्रम सम्पन्न।

- यस आयोग र मातहत कार्यालयमा सरुवा भई आउनुभएका नयाँ अनुसन्धान अधिकृतहरूलाई मिति २०८०/०७/१२ देखि २०८०-०७-१७ सम्म आयोगको सभाहलमा अनुसन्धानसम्बन्धी आवश्यक जानकारी प्रदान गर्नको लागि अभिमुखीकरण तालिम सञ्चालन गरियो। उक्त कार्यक्रममा ३४ जना अनुसन्धान अधिकृतको सहभागिता रहेको थियो।

- आयोग र आयोगका कार्यालयहरूको इन्जिनियरिङ्ग प्रयोगशाला सञ्चालनको लागि "निर्माण सामग्री र निर्माण संरचनाको गुणस्तर परीक्षणसम्बन्धी तालिम" कार्यक्रम मिति २०८०।०८।१७ देखि १९ सम्म आयोगको सभाहलमा कार्यक्रम सम्पन्न।

- आयोगमा करार सेवामा कार्यरत कम्प्युटर अपरेटर कर्मचारीहरूको लागि "माइक्रोसफ्ट वर्ड, माइक्रोसफ्ट एक्सल, नेटवर्किङ्ग, आई. टि. टुल्स, इन्टरनेट" लगायतका विषयमा क्षमता विकास तालिम मिति २०८०।०९।६ देखि२०८०।०९। १३ सम्म आयोगको सभाहलमा सम्पन्न।

- प्रहरीको Intelligence सम्बन्धी तालिम आयोगको कार्यालय, हेटौडामा मिति २०८०।०८।१० देखि २०८०।०८।१४ गतेसम्म र आयोगको कार्यालय, नेपालगञ्जमा मिति २०८०।०८।२४ देखि २०८०।०८।२८ सम्म कार्यक्रम सम्पन्न।

३.१.१ सामुदायिक शिक्षा कार्यक्रम

तालिका ३.१
आर्थिक वर्ष ०८०।८१ को दोस्रो त्रैमासिकमा सञ्चालित सामुदायिक शिक्षा कार्यक्रमसम्बन्धी विवरण

क्र.सं.	कार्यालय	सञ्चालन स्थान	कार्यक्रम संख्या	सहभागी संख्या
१	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरी।	श्री कन्काई माध्यमिक विद्यालय, कन्काई नगरपालिका, सुरुङ्गा, झापा।	१	११५
२.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, वर्दिवास।	सरस्वती मा.वि, दिक्तेत, खोटाङ्ग, जनज्योति मा.वि. लालबन्दी सर्लाही, याज्ञवल्क्य संस्कृत मा.वि.,धनुषा र मोहन मा.वि. सिरहा।	४	४४६
३	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौडा।	जनता मा.वि. वागमती गाउँपालिका र रोटी राष्ट्रिय मा.वि. मनहरी मकवानपुर गढीमाई महेन्द्र प्राविधिक नमुना मा.वि. वरियारपुर, बारा, महेन्द्र मा.वि. चन्द्रपुर रौतहट र बुद्धशान्ति मा.वि. चितवन।	५	४८६
४	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा।	लोक प्रिय मा.वि. मनाङ र नवज्योती मा.वि. स्याङ्जा	२	१५०
५	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल।	-	-	-
६.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, नेपालगञ्ज।	-	-	-
७.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत।	आदर्श मा.वि. दैलेख र गैडावाज मा.वि. दैलेख र विद्याज्योति मा.वि. सुर्खेत।	३	३७३
८.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर।	महेन्द्र उ.मा.वि,डडेलधुरा, कृष्ण मा.वि. दार्चुला, बैजनाथ मा.वि. चौरपाटी, अछाम, सनातम धर्म मा.वि र मणीलेक मा.वि. मेलौली बैतडी	५	५८७
जम्मा		**१७ जिल्ला**	**२०**	**२,१५७**

३.१.२ अन्तरक्रिया कार्यक्रम

भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने कार्यमा आयोग र मातहतका ८ वटा कार्यालयहरू मार्फत आ-आफ्नो क्षेत्रमा प्रदेशस्तरीय, जिल्लास्तरीय र पालिकास्तरीयका अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन हुँदै आएको र यस्ता कार्यक्रमहरूमा स्थानीय तहका निर्वाचित पदाधिकारीहरू, जिल्लास्तरका सरकारी कार्यालय तथा संस्थानका कर्मचारी, गैरसरकारी संस्थाका प्रतिनिधि, निजी क्षेत्र, नागरिक समाज, उपभोक्ता समितिका पदाधिकारी, पत्रकारलगायतको सहभागिता हुने गरेको छ। अन्तरक्रिया कार्यक्रमको उद्देश्य स्थानीय तहबाट प्रवाह हुने सेवासुविधाहरू गुणस्तरीय र सुलभ तवरमा जनताले पाउनुपर्ने, विकास निर्माणका काम स्थानीय जनताको मागअनुसार उनीहरूकै सहभागितामा हुनुपर्ने भन्ने हो। साथै, स्थानीय तहमा भएको भ्रष्टाचार र अनियमितताको अवस्था बुझ्ने, भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गर्दै स्थानीय तहमा सुशासन प्रवर्द्धन गर्ने र जनतालाई भ्रष्टाचारविरुद्ध आफैं सक्रिय भएर आयोगको कामकारबाहीमा सहयोग गर्न अपिल गर्नेसमेत रहेको छ।

तालिका ३.२
आर्थिक वर्ष २०८०।८१ को दोस्रो त्रैमासिकमा सञ्चालित पालिकास्तरीय अन्तर्क्रिया कार्यक्रमको विवरण

क्र.सं.	कार्यालय	सञ्चालन भएका जिल्ला	कार्यक्रम संख्या	सहभागी संख्या
१.	**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरी।**	विराटनगर महानगरपालिका नगरकार्यपालिकाको सभाहल, मोरङ	१	२२४
२.	**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबास।**	गोलन्जोर गाउँपालिका, सिन्धुली, उमाकुण्ड गाउँपालिका, रामेछाप, लिखुपिके गाउँपालिका, सोलुखुम्बु, गणेशमान चारनाथ, मिथिलाबिहारी, क्षिरेश्वर नगरपालिका, धनुषा, लहान र सिरहा नगरपालिका, भगवानपुर र सुखुवानन्कारकट्टी गाउँपालिका, सिरहा र बलरा नगरपालिका,सर्लाही	११	१,०६२
३.	**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा।**	परवानीपुर र सुवर्ण गाउँपालिका बारा, मनहरी र भिमफेदी गाउँपालिका मकवानपुर, तारकेश्वर गा.पा. र बेलकोटगढी न.पा. नुवाकोट, कालिका र रत्ननगर न.पा. चितवन र पकाहा मैनपुर गा.पा. र पोखरीया न.पा. पर्सा	१०	९६३
४.	**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा।**	पर्वत, कास्की, लमजुङ र तनहुँ	४	४३२
५.	**अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बुटवल।**	लुम्बिनी सरकार परिसर, रासी उपत्यका दाङ, रामग्राम न.पा. नवलपरासी, निस्दी र पुर्वखोला गा.पा. पाल्पा, इश्मा र धुर्कोट गा.पा. गुल्मी।	६	८१६
६.	**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सम्पर्क कार्यालय, नेपालगञ्ज।**	घोराही उ.म.न.पा. दाङ र जानकी गा.पा.बाँके।	२	२३४

क्र.सं.	कार्यालय	सञ्चालन भएका जिल्ला	कार्यक्रम संख्या	सहभागी संख्या
७.	**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत।**	आयोगको कार्यालय, सुर्खेत।	१	१०३
८.	**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर।**	बडिमालिका, त्रिवेणी, बुढीनन्दा न.पा. र हिमाली गा.पा.जिल्ला प्रशासन कार्यालय बाजुरा,साफेबगर, मंगलसेन न.पा. र ढकारी गा.पा. अछाम, थलारा, बित्थडचिर गा.पा. र जयपथ्वी नगरपालिका, जिल्ला प्रशासन कार्यालय बझाङ्ग,शैल्यशिखर, महाकाली न.पा.दुहु गा.पा. जिल्ला प्रशासन कार्यालय दार्चुला, जोरायल गा.पा. र जिल्ला प्रशासन कार्यालय डोटी	१४	१,३८९
जम्मा		**२७ जिल्ला**	**४९**	**५,२२३**

तालिका ३.३
आर्थिक वर्ष ०८०।८१ को दोस्रो त्रैमासिकमा आयोगका पदाधिकारी सहभागी प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रमसम्बन्धी विवरण

क्र.सं.	कार्यालय	सञ्चालन स्थान	कार्यक्रम मिति	सहभागी संख्या
१	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरी।	विराटनगर महानगरपालिका, नगरकार्यपालिकाको सभाहल, मोरङमा, माननीय आयुक्त डा. सुमित्रा श्रेष्ठ	२०८०।०९।१७ देखि १९ सम्म	२२४
२.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबास।	महेन्द्र नारायण निधि मिथिला संस्कृति केन्द्र जनकपुरधाम, धनुषा, माननीय प्रमुख आयुक्त आयुक्त प्रेम कुमार राई	२०८०।०९।१८	३८५
३	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा।	प्रदेश सुशासन केन्द्रको तालिम हल, हेटौडा, माननीय आयुक्त किशोर कुमार सिलवाल	२०८०।०९।२६	२१३
४	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा।	माननीय आयुक्त जय बहादुर चन्द	२०८०।०९।२६	२७२
५	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल।	लुम्बिनी सरकार परिसर, रासी उपत्यका (देउखुरी) दाङ माननीय प्रमुख आयुक्त आयुक्त प्रेम कुमार राई	२०८०।०९।२२	२५७
६.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत।	जिल्ला समन्वय सभाहल, सुर्खेत माननीय आयुक्त किशोर कुमार सिलवाल	२०८०-०९-२२	२१५
७.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर।	माननीय आयुक्त डा, हरि पौडेल	२०८०-०९-१८	२०१
जम्मा				**१७६७**

तालिका ३.४ आर्थिक वर्ष ०८०।८१ को दोस्रो त्रैमासिकमा आयोगबाट भएका अनुगमन कार्यक्रमको विवरण				
क्र.सं.	**कार्यालय**	**आयोगका पदाधिकारी**	**मिति**	**कै.**
१	**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरी।**	माननीय आयुक्त डा. सुमित्रा श्रेष्ठ	२०८०।०९।१७ देखि १९ सम्म	
२	**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,बर्दिबास।**	माननीय प्रमुख आयुक्त प्रेम कुमार राई	२०८०।०९।१७ देखि १९ सम्म	
		माननीय आयुक्त जय बहादुर चन्द	२०८०।०८।२७ देखि २९ सम्म	
३	**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा।**	माननीय आयुक्त किशोर कुमार सिलवाल	२०८०।०९।२३ देखि २६ सम्म	
		श्रीमान् सचिव रामेश्वर दंगाल	२०८०।०८।१४	
४	**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा।**	माननीय आयुक्त डा. सुमित्रा श्रेष्ठ	२०८०।०८।१४, १५ तथा २०८०।०९।०३	
		माननीय आयुक्त जय बहादुर चन्द	२०८०।०९।२६	
५	**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल।**	माननीय प्रमुख आयुक्त आयुक्त प्रेम कुमार राई	२०८०।०९।२१ देखि २३ सम्म	
		माननीय आयुक्त डा, हरि पौडेल	२०८०।०८।१० देखि १२ सम्म	
६.	**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, नेपालगञ्ज।**	माननीय आयुक्त डा, हरि पौडेल	२०८०।०८।१३ देखि १६ सम्म	
७.	**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत।**	माननीय आयुक्त किशोर कुमार सिलवाल र सचिव रामेश्वर दंगाल	२०८०।०९।२२ देखि २३ सम्म	
८.	**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर।**	माननीय आयुक्त डा, हरि पौडेल	२०८०।०९।१८	

३.१.३ सञ्चार माध्यममार्फत प्रवर्द्धनात्मक कार्य

भ्रष्टाचारविरुद्ध जनचेतना बढाउन आयोगले सूचना प्रविधि तथा सामाजिक सञ्जालको प्रयोग गर्नुका साथै विविध सूचना तथा जानकारीमूलक सामग्रीहरूको प्रकाशन/प्रसारणसमेत हुँदै आएको छ। आयोगको वेबपेज, इमेल, फेसबुक, टोल फ्रि टेलिफोन, हटलाइन नं. १०७ मार्फत आयोगमा उजुरी दिन र आयोगका गतिविधिहरूको जानकारी प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ। नियमित रूपमा भ्रष्टाचारविरुद्धका जानकारी एवं सूचनामूलक सामग्रीहरू बुलेटिन, ब्रोसियर, स्मारिका, वार्षिक प्रतिवेदन, प्रेस विज्ञप्तिहरू मार्फत सरोकारवालाहरूलाई सम्प्रेषण गरिएको छ।

क. आयोगको अनुसन्धान तथा अभियोजन कार्यमा विज्ञान प्रविधिको उपयोग

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो अनुसन्धान तथा अभियोजनको कार्यलाई वस्तुपरक तथा वैज्ञानिक बनाउने हेतुले सूचना प्रविधिहरूको प्रयोग गर्दै आइरहेको छ। यसै सन्दर्भमा आयोगमा पोलिग्राफ परीक्षण प्रयोगशाला, इञ्जिनियरिङ्ग प्रयोगशालाका साथै फरेन्सिक ल्याब पनि सञ्चालनमा रहेको छ।
- आयोगमा अनुसन्धानको सिलसिलामा झुटा बोले नबोलेको पत्ता लगाउनको लागि गरिने पोलिग्राफ परीक्षण गर्ने गरिएको छ। त्यस्तै, डिजिटल फरेन्सिकतर्फ मोबाइल परीक्षण ७ थान रहेको, Document Forensic परीक्षण २१८ पाना रहेको, पेन ड्राइभ ४ थान रहेको र DVD फरेन्सिक परीक्षणको लागि १४ थान परीक्षण भएको छ।
- आयोगको कामकारबाहीलाई तथ्यमा आधारित र यथार्थपरक बनाउन तथा आयोजनाहरूको गुणस्तर मापनको लागि आयोगको कार्यालय तथा मातहतका सबै कार्यालयहरूमा समेत Engineering Laboratory सञ्चालन गरिएको छ। आयोगमा परीक्षण गर्न सकिने नमूनाको परीक्षण आयोगकै Engineering Laboratory मा गरिएको र आयोगमा गर्न नसकिने परीक्षण अन्य सरकारी तथा गैर सरकारी निकायमा Sampling गरी परीक्षणको लागि पठाउने गरिएको छ। यस त्रैमासिक अवधिमा ३ वटा आयोजनाहरूको स्थलगत अनुगमन/अध्ययनमार्फत संकलन गरी ल्याइएका विभिन्न निर्माण सामग्रीहरू नमूनाको परीक्षण गरिएको छ । साथै, १ वटा अख्तियार दुरुपयोग अनुसन्धान आयोग अन्तर्गत आयोगको कार्यालयका इन्जिनियर र सव-इन्जिनियरहरूलाई निर्माण सामग्री र निर्मित संरचनाको गुणस्तरसम्बन्धी तालिम ३ (तीन) दिन आयोगको सभाहलमा सञ्चालन गरिएको थियो।

४. "सुशासन सवाल" टेलिभिजन कार्यक्रमः

आयोग र नेपाल टेलिभिजनको सहकार्यमा "**सुशासन सवाल**" टेलिभिजन कार्यक्रम पाक्षिकरुपमा हरेक महिनाको दोश्रो र चौथो मंगलबार साँझ ७:२५ बजे र नेपाल टेलिभिजनको राष्ट्रिय प्रसारण माध्यमबाट कम्तीमा एकपटक भोलिपल्ट बिहान पुनःप्रशारण हुँदै आएको छ। उक्त श्रृङ्खलाहरू आयोगको युट्युब च्यानलमा समेत राखिएको छ। आयोग र नेपाल टेलिभिजनबिच मिति २०८०।०४।१५ मा यस आ.व. मा २७ भाग सुशासन सवाल शीर्षकको टेलिभिजन कार्यक्रम प्रसारण गर्ने सम्झौता भएबमोजिम चालु आ. व. को दोस्रो त्रैमासिक अवधिसम्ममा १२ वटा कार्यक्रमहरू प्रशारण भएका छन्।